# अध्याय : एक

# अनुसन्धान परिचय

## १.१ परिचय

मानवसमुदायले मान्दै आएका विविध धर्महरूमध्ये हिन्दू धर्म एक धर्म हो। हाम्रा पुर्खाहरू तथा ज्ञानका युगदाता ऋषि महर्षिहरूले यस भूखण्डमा सामाजिक विधि संरचना र स्वावलम्बनका सैद्धान्तिक आदर्श देखाएर गएका छन्। तिनै आदर्शका मार्गहरूमा आधुनिक सभ्य समाजको माध्यमद्वारा भौतिक स्तरमा वैज्ञानिक युगको विकास भइरहेको छ। विश्वमा जति पनि भौतिक, बौद्धिक र नैतिक विकास भएको छ त्यसको विकासमा धर्म पनि एक प्रमुख माध्यम हो। भौतिक उन्नति मानवबाट मात्र सम्भव हुने हुँदा मानवीय शक्तिमा ईश्वरीय शक्ति पनि रहेको मानिन्छ। त्यसैले धर्मत्वलाई संरक्षण गरी जीवन्त राख्नु समस्त मानव समुदाय मात्रको कर्तव्य पनि हो। धर्मका विभिन्न रूपहरू भए पनि सबै धर्महरूको लक्ष्य र उद्देश्य मानवीय सेवा गर्नु हो। ऋषिमुनिहरूको जन्मभूमि र तपोभूमि हाम्रो देश नेपालमा असङ्ख्य धार्मिक पीठ र मठ-मन्दिरहरू छन्। शक्तिपीठ र ज्ञानपीठको साझा फूलबारी नेपाललाई मन्दिरै-मन्दिरको पावनभूमि पनि भनिन्छ। यो हिन्दूत्वको गौरव तथा सम्पत्ति पनि हो। यस्तै धार्मिक पीठहरूमध्ये वर्तमान नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलका जिल्लाहरूमध्ये तनहूँ जिल्लामा अवस्थित ढोरबाराही पनि एक अत्यन्त महत्त्वपूर्ण धार्मिकस्थल तथा तीर्थस्थलका रूपमा मानिन्छ। यस तीर्थस्थललाई अलौकिक, प्राकृतिक सौन्दर्यपूर्ण तथा पवित्रस्थलको रूपमा पनि लिने गरिन्छ।

विश्व सभ्यतामा नेपालको इतिहास निकै प्राचीन मानिन्छ। यस नेपाल भूमिमा मानव विकासक्रमका धेरै अवशेषहरू पाइएका छन्। विभिन्न ठाउँको नामकरण पनि विभिन्न आधारमा हुने गरेको पाइन्छ। नेपालको एक प्रसिद्ध जिल्ला 'तनहूँ' शब्दको उत्पत्ति र नामकरण कसरी भयो भन्ने बारेमा अहिलेसम्म उपलब्ध आधिकारिक तथ्यहरूलाई केलाउँदा यस जिल्लाको नामलाई तनहुँ, तन्हौं, तुनुहु आदि रूपमा लेख्ने गरिएको पाइन्छ (मिश्र, २०५७:२८)। भाषागत रूपमा शब्द वनोटमा फरक भए पनि

अर्थमा एकै भएको कारण आधिकारिक लेखनमा 'तनहूँ' रूप नै बढी प्रचलित छ। यस्तै गरी इतिहासका विद्वान् प्राध्यापक सूर्यमणि अधिकारीले भनेका छन् कि नेपालमा चौधौं शताब्दीतिर टुक्राटुक्रा भएको नेपाललाई पृथ्वीनारायण शाहले एकीकरणको थालनी गरेपश्चात केही हदसम्म राजनीतिक, सांस्कृतिक र सामाजिक एकता गराउने प्रयास भयो। तनहूँको नामकरणबारे पृथ्वीनारायण शाहले संवत् १८१९ सालमा नुवाकोटमा साततले दरबार निर्माण गरेपछि दरबारको अभिलेखमा 'त्रितुङ्गभूमिवरभूमिभूषणः' भनी उल्लेख गरिएको पाइन्छ। जे होस् तनहूँ शब्दको उत्पत्ति र नामकरणबारे अहिलेसम्मका यिनै उपलब्ध आधारहरूलाई नै तथ्य प्रमाणको रूपमा लिन सकिन्छ ( अधिकारी, २०५५:५०-५१)। यस्तै गरी तत्कालीन राजाको राजधानी तनहूँसुरलाई 'त्रितुङ्ग राजधान्या' भनेर लेखेको पनि भेटिन्छ। तनहूँ राज्यको राजधानी तनहूँसुरको सीधा पश्चिमपट्टि तीनवटा एकैनासका प्रमुख चुचुराहरू अवस्थित छन्। यस कारण त्रितुङ्गबाट तनुङ्ग बनेको र अन्य डाडाकाँडाहरूको नाउँबाट प्रभावित भई तनहूँ रूप लेख्ने चलन पनि परम्परादेखि चलिआएको देखिन्छ।

यसै सेरोफेरोमा तनहूँसुर दरवारका ब्राह्मणहरूमा होमादी गर्ने परम्परा र प्रवृत्ति पनि रहेको पाइन्छ। धार्मिक प्रवृत्ति र आस्थाकै कारण 'ततोहोमो यतो विप्रैष्य तनुहोमस्ततः स्मृति' अर्थात् ब्राह्मणहरू मिलेर जहाँ ठूलो हवन गरे त्यो ठाउँ विस्तृत रूपमा तनहूँ हो। ततोहोमोबाट नै तनहूँ आएको हो भने यी उपर्युक्त भनाइका अतिरिक्त पहिले तनहूँको दुई ठाउँमा तमोर, तामिन भन्ने गाउँ रहेको जनश्रुति छ। यी गाउँको नाउँबाट अपभ्रंश भएर तमोरबाट तनहूँ र तामिनबाट अहिलेको क्यामिन रहन गएको किंवदन्ती पनि छ। यस्तै गरी तनहूँसुर र दमौलीको पश्चिमपट्टि अवस्थित मानुङ्गमा क्रमशः सानो चिउँडो भएका तनुहनु र ठूलो चिउँडो भएका महाहनु नाम गरेका ऋषिले तपस्या गरेको हुनाले अपभ्रंश भई तनहुबाट तनहूँ र महाहनुबाट मानहूँ नाम रहन गएको हो भन्ने किंवदन्ती पनि सत्यताको नजिक भेटिन्छ (मिश्र, २०५७:२८-२९)।

नेपाल देशको एकीकरण गर्ने अभियान पृथ्वीनारायण शाहबाट थालिएको भए पनि उनका उत्तराधिकारीहरूको पालामा पनि यहाँको भौगोलिक सिमाना विस्तार भएर

गयो। विश्वको भौगोलिक परिवेशमा नेपाल दक्षिण-एसियामा अवस्थित छ। यसको भौगोलिक अक्षांश २६°२२' देखि ३०°२७' उत्तर र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ। यसको जम्मा क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ ( स्टाटिस्टिकल पकेट बुक, २००२:१)। नेपालको पूर्वमा मेची नदीको सिमाना रहेको छ र पश्चिममा महाकाली नदीले सिमाना निर्धारण गरेको छ। पूर्व-पश्चिम लम्वाइ ८८५ कि.मि. छ। यसको उत्तरमा तिब्बत-चीन र दक्षिणमा भारत रहेको छ। यसको सरदर चौडाइ १९३ कि.मि. रहेको छ (सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टिक्स, २००२:१)।

विश्वमानचित्रमा नेपाल सानो भए तापनि ऐतिहासिक, सामाजिक, सांस्कृतिक र भौगोलिक दृष्टिकोणले विशिष्ट मानिन्छ। भौगोलिक र हावापानीको विविधताभैँ नेपालमा सांस्कृतिक विविधता पनि विद्यमान छ। नेपालमा रहेका विविध जातजातिहरू र तिनीहरूको सांस्कृतिक विविधताले नेपाललाई धनी बनाएको छ।

पुरातात्त्विक सम्पदाहरूले नेपाली संस्कृतिमा विशिष्ट पहिचान दिएका छन्। यहाँका बौद्ध र हिन्दू धर्मसँग सम्बन्धित विभिन्न मूर्ति, मन्दिर, विहार, स्तूप, दरबार आदिले विश्व सभ्यतामा पहिचान गराएका छन्। नेपालका कतिपय सम्पदाहरू विश्वसम्पदा-सूचीमा पनि सूचीकृत भएका छन्। यी सम्पदाहरूममा विद्यमान विशिष्ट कलाकारिताले नेपाली संस्कृतिमा अद्वितीय योगदान पुऱ्याएका छन्। नेपालका सांस्कृतिक सम्पदाहरूलाई महत्त्व दिँदै यहाँ जनताहरूभन्दा धेरै मूर्तिहरू र घरहरूभन्दा धेरै मन्दिरहरू छन् भनी विलियम कर्कपेट्रिकले उल्लेख गरेका छन् (कर्कपेट्रिक, १९७५:१८८)। वास्तवमा यस्ता सम्पदाहरू नेपाली संस्कृतिको पहिचान गराउने महत्त्वपूर्ण स्रोतहरू हुन्। इतिहासको प्रारम्भिक समयदेखि नै सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको नेपालमा विभिन्न धर्मसँग सम्बन्धित स्थलहरू ज्यादै नै महत्त्वपूर्ण छन्। हिमालयको देश नेपालमा गौतम बुद्धको जन्मस्थल लुम्बिनी, पशुपतिनाथ, चाँगुनारायण, स्वयम्भू, बौद्धनाथ, जनकपुर, गोसाइकुण्ड आदि स्थलहरू नेपाली संस्कृतिका अनुपम भण्डारहरू हुन्। यी सांस्कृतिक महत्त्वका स्थलहरू तथा हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित मूर्ति, मन्दिर, विहार, स्तुपहरू यत्रतत्र छरिएर रहेका छन्। हिन्दू र बौद्धधर्मसँग सम्बन्धित स्मारकहरू एकै परिसरमा अवस्थित हुनुबाट नेपाल एक

धार्मिक समन्वयको देशको रूपमा विश्वमानचित्रमा परिचित छ ।

नेपालमा अनेकौं पुरातात्त्विक स्थलहरू विश्व सम्पदासूचीमा सूचीकृत छन् । यी सम्पदाहरूमध्ये प्राचीन समयदेखि नै नेपालको इतिहास र सांस्कृतिक महत्त्व दर्शाउने पशुपतिनाथ, बौद्धनाथ र स्वयम्भूनाथ हिन्दू र बौद्धधर्मसँग सम्बन्धित स्थलहरू हुन् । हनुमानढोका दरबार, पाटन दरबार र भक्तपुर दरबार मध्यकालीन नेपालका मल्ल राजाहरूका दरबारहरू र दरवार परिसरमा रहेका अन्य पुरातात्त्विक स्मारकहरू रहेका छन् । जस्तै तनहूँको ढोरबाराही मन्दिर पनि तनहूँका सात देवी मन्दिरहरूमध्ये एक प्रमुख मन्दिर मानिन्छ । मध्यकालमा पनि पुरातात्त्विक सम्पदाहरूको विकासमा महत्त्वपूर्ण योगदान पुगेको थियो । मध्यकालमा निर्माण भएका विभिन्न सम्पदाहरू हालसम्म पनि अस्तित्वमा रहेका छन् ।

नेपालमा विभिन्न भाषाभाषी जातजातिका मानिसहरू बसोवास गर्दछन् । उनीहरू आफ्नै रहनसहन चाडपर्व, भेषभूषा, संस्कृति, धर्म, रीतिरिवाज मान्ने गर्दछन् । त्यस्तै हिन्दूधर्ममा प्रचलित विभिन्न धर्महरू जस्तै वैष्णव, शाक्त, बौद्ध धर्ममध्ये शैव धर्म पनि एक हो जसको इतिहास निकै प्राचीन र महत्त्वपूर्ण छ । हिन्दूहरूको सम्पूर्ण धर्म संस्कृति र सभ्यताको उद्‌गमस्थल वेदलाई मानिन्छ । वेदमा शिवको रुद्ररूपको चर्चा गरिएको छ । वैदिक धर्म हिन्दू धर्मको मूल आधार हो । यो वहुदेववादी धर्म हो, जसमा देवताहरूलाई पृथ्वी, वायुमण्डल र स्वर्ग गरी तीन स्थानमा विभाजन गरिएको छ ।

प्राचीनकालदेखि नै नेपालले विश्वभरिमा धार्मिकस्थलको रूपमा प्रसिद्धि कमाएको छ । नेपाल हिमालयको काखमा अवस्थित भएकाले यहाँ अनेक देवीदेवताहरूले वसोवास गर्दै आएका छन्, जसमध्ये देवी भगवती पनि एक हुन् । पौराणिककालमा नै नेपालमा विभिन्न देवीका मन्दिरहरू स्थापना भएको उल्लेख पाइन्छ । जस्तैः काठमाडौंको भद्रकाली, दक्षिणकाली, पोखराको विन्दुवासिनी, बाराको गढिमाई, तनहूँको अकलादेवी, ढोरबाराही, गोरखाको मनकामना आदि देवी शक्तिपीठहरू प्रमुख स्थलहरूका रूपमा छन् ।

हिन्दू धर्मावलम्वीहरूबीच देवीको महिमा छुट्टै प्रकारको पाइन्छ । देवीलाई भोग

खाने देउता, शक्ति प्रदान गर्ने साक्षात देवी पनि भन्ने गरिन्छ । यस बारे जनमानसमा एउटा किंवदन्ती पनि रहेको पाइन्छ : श्री स्वस्थानीमा दक्षप्रजापतिको यज्ञ विध्वंस गर्न जटायू पछारी, आराधना गरी देवीको उत्पत्ति गराएकोले मानवजातिको रक्षकका रूपमा पनि देवीलाई लिने गरिन्छ । त्यसैले देवीको मन्दिरमा भाकल लाग्ने जनविश्वास पनि पाइन्छ ।

## १.२ समस्या कथन

तत्कालीन नेपालका विभिन्न चौबीसे राज्यहरूमध्ये एक सानो राज्यको रूपमा ढोर राज्य परिचित थियो । ढोर राज्यमा अवस्थित ढोरबाराहीको आफ्नै ऐतिहासिक, धार्मिक, सामाजिक र सांस्कृतिक महत्त्व रहेको छ । प्राचीनकालदेखि नै चर्चित रहँदै आएका हिन्दू तीर्थस्थलहरूमध्ये ढोरबाराही पनि एक हो । विशेषतः पश्चिमाञ्चल क्षेत्रमा अधिकांश मानिसहरू ढोरबाराहीलाई एक शक्तिको प्रतीकका रूपमा लिने गर्दछन् र श्रद्धा भक्तिका साथ पूजा गर्दछन् । ढोरबाराहीजस्तो प्रसिद्ध देवीको गहन अध्ययन गरी स्पष्ट इतिहास जनसमक्ष नल्याइँदा यस्ता देवदेवीको महत्त्व घट्दै गएको अनुभूति भइरहेको छ । ऐतिहासिक महत्त्व बोकेका यस्ता देवदेवीहरूको अस्तित्व नै प्रायः लोप हुने यथार्थलाई आत्मसात गरेर विभिन्न स्रोतहरूको आधारमा ढोरबाराहीको गहन अध्ययन गर्न आवश्यक ठानिएकाले प्रस्तुत अध्ययनमार्फत ढोरबाराही देवीका बारेमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

ढोरबाराही देवीको उत्पत्ति कहिले भयो ? यसको पूजाविधि कस्तो रहेको छ ? ढोरबाराहीप्रति कस्तो जनविश्वास रहेको छ ? ढोरबाराहीको संरक्षण र सम्बर्द्धन कसरी भइरहेको छ ? ढोरबाराही क्षेत्रको वातावरण कस्तो छ ? आदि कुराहरूको खोज अनुसन्धान नै प्रस्तुत अध्ययनको समस्याकथन हो ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनलाई पूर्णता दिनका लागि यसका खास उद्देश्यहरूलाई उल्लेख गर्नु महत्त्वपूर्ण हुन्छ । हालसम्म ढोरबाराही देवीको मन्दिरको अध्ययन नभएकाले यससम्बन्धी अध्ययन गर्नु यस शोधपत्रको मुख्य उद्देश्य हो । यो शोध अध्ययन

निम्नलिखित उद्देश्यहरू राखी तयार गरिएको छ :

- ढोरबाराही देवीको ऐतिहासिक महत्त्वको प्रकाश पार्नु ।
- ढोरबाराही देवीको पूजाविधि र जनविश्वासका बारेमा चित्रण गर्नु ।
- ढोरबाराही क्षेत्रको वातावरणीय प्रभावका बारेमा अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपालमा विभिन्न धार्मिक सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरू यत्रतत्र छरिएर रहेका भए तापनि सबैजसो सांस्कृतिक महत्त्वका स्थलको सुनियोजित ढङ्गबाट अध्ययन हुन सकेको छैन । यस्तै सांस्कृतिक महत्त्व बोकेका स्थलहरूमध्ये तनहूँ जिल्लामा अवस्थित ढोरबाराही देवीको मन्दिर पनि एक हो । यो स्थल हालसम्म अध्ययन अनुसन्धानबाट ओझेल परेको हुनाले यस अध्ययनबाट यस स्थलको ऐतिहासिक र सांस्कृतिक रूपमा निकै महत्त्व वृद्धि हुन सक्नेछ । यस स्थलको सांस्कृतिक विश्लेषणबाट यहाँका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्नसमेत ठूलो सहयोग पुग्ने देखिन्छ । साथसाथै यस अध्ययनले देवीदेवताका बारेमा जिज्ञासुहरूलाई खुराक प्रदान गर्ने विश्वास गरिएको छ भने यस्तै प्रकारका अध्ययन गर्ने इच्छुक अनुसन्धाताहरूलाई पनि सहयोग पुऱ्याउने छ ।

## १.५ अध्ययनको सीमा र क्षेत्र

यस अध्ययनको क्षेत्र तनहूँ जिल्लाको ढोरफिर्दी गा.वि.स. अन्तर्गत अवस्थित ढोरबाराही देवीको उत्पत्ति, पूजाविधि, ढोरबाराहीप्रतिको जनविश्वास तथा ढोरबाराही मन्दिर वरपरको वातावरणीय प्रभावका बारेमा केन्द्रित गरिएको छ ।

## १.६ पूर्वकार्य समीक्षा

अध्ययनसँग सम्बन्धित विभिन्न ग्रन्थहरू, शोधकार्यहरू र अभिलेखहरूको अध्ययन तथा समीक्षा गर्नाले कुनै पनि अध्ययनलाई अझ बढी वैधता प्रदान गर्दछ । हालसम्म यस स्थलअन्तर्गत कुनै पनि विशेष अनुसन्धानका कार्यहरू नभए पनि यस स्थलजस्तै सम्बन्ध राख्ने केही शोधकार्यहरूले यस अध्ययनलाई सहयोग पुऱ्याएका

छन् । यस अध्ययनअन्तर्गत निम्न कार्यहरूको समीक्षा गरिएको छ :

- :ष्अजबर्भा म ऋयययनबल ले आफ्नो पुस्तक *ध्यचमि च्भष्निष्यलक* मा प्रत्येक धर्मको उत्पत्तिमा दैविक विश्वास, पवित्र हुराहरू, व्यक्तिगत विचारहरू तथा मृत्यु र मृत्युपछिका कुराहरू समावेश भएको हुन्छ भनी उल्लेख गरेका छन् ।

- भष्शिबदभतज ज्बचमष्लन को पुस्तक *प्बषि तजभ द्यबिअप न्यममभकक या म्बपकजष्लभकयच* मा शक्तिकी प्रतीक देवी कालीको विभिन्न रूप जस्तो महाकाली, रक्षा काली आदिको बारेमा विशेष तथा नृत्य पूजाका बारेमा चर्चा गरिएको छ ।

- क्तभउजभल ए। ज्ाथभिच ले *:भभतष्लन न्यम* ९भिक्षभलत या ज्ष्लमग म्भखयतष्यल० मा हिन्दु धर्मको दर्शन, गर्व र यसको समयको बारेमा चर्चा गर्नुका साथै हिन्दु धर्म लोकहितकारी र तरल भएकाले हिन्दू समाजमा यसको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको सन्दर्भमा प्रकाश पारिएको छ ।

- पए। इषि ले *भ्लखष्चयलकभलतबा क्तगमथ या ल्भउबुकि द्यभनलबक बलम च्ाउब ीबपभ* मा कुनै पनि स्थानको संरक्षण गर्नका लागि प्रशस्त रूपमा वृक्षारोपण गर्ने तथा त्यहाँ कस्ता किसिमका जीव जनावर र पक्षीहरूको बासस्थान हुन सक्छ सोही अनुरूपका ठाउँको विकास तथा संरक्षण गर्न सकिन्छ भनी उल्लेख गरेका छन् ।

- डिल्लीराम मिश्रद्वारा लिखित *'नेपाल अधिराज्यमा तनहूँ'* ग्रन्थमा लेखक मिश्रले ढोरबाराही देवीको बारेमा संक्षिप्त परिचय दिएका छन् । यसमा देवीको उत्पत्ति र महत्त्वका बारेमा प्रकाश पारिएको छ। यसमा उनले ढोरबाराही देवीको परिसरमा रहेको पोखरीको छुट्ने छाल पौराणिक परम्परालाई भौतिक रूपमा हेर्दा रोचक मानिन्छ भनेका छन् । यसो हुनुको कारण बराह भगवान् समुद्रमा पृथ्वी झिक्दा आएको छाल र आवाज हो भन्ने किंवदन्ती उल्लेख गरेका छन् । उनले यस ढोरबाराही क्षेत्रलाई एक महत्त्वपूर्ण पर्यटकीय स्थलको रूपमा स्थापना गर्न सकिने कुरासमेत प्रस्तुत गरेका छन् (मिश्र, २०५७:७५२) ।

- जगमान गुरुङद्वारा लिखित *'नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रश्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन'* मा ढोरबाराही देवीको मन्दिरको परिचय, उत्पत्ति, महत्त्व साथै उनले पोखराको तालबाराहीमा बलि चढाउँदा यस ढोर बाराही देवीको पोखरीमा लहरी चल्दछ भन्ने विश्वास जनमानसमा रहेको कुरा आदि व्यक्त गरेका छन् (गुरुङ, २०६१:१११-११३) ।

- *'मेचीदेखि महाकाली'* भाग तीनमा तनहूँ जिल्लाका साथै ढोरबाराही देवीको बारेमा छोटो जानकारी दिइएको छ, जसमा ढोरबाराही देवीको मन्दिर परिसरमा रहेको चमत्कारी लहरीको बारमो उल्लेख भएको छ (मेचीदेखि ..., २०३१:२५०-५१) ।

- ज्ञानेश्वर भट्टराईद्वारा लिखित *'बृहत ज्ञानकोश'* मा ढोरफिर्दी गा.वि.स. र ढोरबाराही क्षेत्रको बारेमा चर्चा गरेको पाइन्छ । उनले साथै यस पुस्तकमा श्रीपञ्चमीका दिन बाराही देवीको रूपमा उत्पत्ति भएको भन्ने विश्वासका साथ सो दिन त्यहाँ विशेष पूजा हुने र मेला लाग्ने उल्लेख गरेका छन् (भट्टराई, २०६२/०६३:२३२) ।

- सूर्यमणि अधिकारीले *'तनहूँ राज्यको इतिहास'* नामक पुस्तकमा तनहूँ राज्यको स्थापना साथै यस राज्यसँग सम्बन्धित विभिन्न ऐतिहासिक तथा तीर्थस्थलहरूको बारेमा छोटो वर्णन गरेका छन् (अधिकारी, २०५५:१२) ।

- शिवशंकर बानियाले कर्मचारी मिलन केन्द्र मनाङद्वारा प्रकाशित *'तिलिचो'* वार्षिक अंक-२०५८ मा पनि यस ढोरबाराही मन्दिरको बारेमा व्याख्या गरेका छन् (बानिया, २०५८:८९-९०) ।

- ज्ञानबहादुर कार्कीद्वारा लिखित "आन्तरिक पर्यटन र ढोरबाराही" शीर्षकमा सराङकोट साप्ताहिक (२०६७ फागुन २४-३०) मा लिखित लेखमा ढोरबाराहीको इतिहास खोतल्ने प्रयास गरिएको छ साथै उनले सो लेखमा ढोरबाराहीको प्रसिद्धिलगायत त्यहाँको वर्तमान स्वरूपका बारेमा गहन रूपले प्रस्तुति गरेका छन् । ढोरबाराहीका बारेमा जानकारी लिने यो एउटा महत्त्वपूर्ण सामग्रीका रूपमा लिन सकिन्छ ।

- कृष्णराज गौतमको “बागलुङ नगरपालिकाभित्रका प्राचीन एवं प्रसिद्ध मठमन्दिर, पाटीपौवा तथा गुठी व्यवस्थाको संक्षिप्त परिचय” मा विभिन्न मठमन्दिरको गुठीका बारेमा गहिरो अध्ययन गरिएको छ ।
- अमृता गुरुङको शोधपत्र “श्री भद्रकाली मन्दिरको सांस्कृतिक, सामाजिक र पर्यावरणसम्बन्धी ऐतिहासिक अध्ययन” मा देवदेवीहरूका बारेमा अध्ययन गरिएको छ ।
- ऋषिराम शर्माको शोधकार्य “श्री केदारेश्वर महादेव मन्दिर बैदाम कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन” मा हिन्दु धर्मसँग सम्बन्धित विभिन्न देवदेवीहरूका ऐतिहासिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्षहरूमाथि अध्ययन गरिएको छ ।
- मोहनप्रसाद खनालद्वारा लिखित *नेपाली कला* पुस्तकमा बराह र बाराहीको बारेमा राम्रो जानकारी दिइएको छ ।

यसरी विभिन्न विद्वान्हरूले ढोरबाराही देवीका बारेमा आफ्ना अध्ययनहरूमा सामान्य जानकारी दिने प्रयासहरू गरेको भए तापनि यसका बारेमा विशेष अनुसन्धानात्मक अध्ययनहरू भएका छैनन् । प्रस्तुत अध्ययनमा ढोरबाराहीका बारेमा अनुसन्धानात्मक तवरले अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.७ अनुसन्धान विधि

कुनै पनि अध्ययन गर्नका लागि खास विधि अपनाउनु पर्ने हुनाले प्रस्तुत अध्ययनका लागि निम्न अनुसन्धान ढाँचा, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्कहरूको विश्लेषण गरिएको छ ।

### १.७.१. अनुसन्धान ढाँचा

यस शोधपत्र तयार पार्ने क्रममा ढोरबाराही र आसपास रहेका मन्दिर र पाटीहरूका अतिरिक्त यहाँ रहेका विभिन्न पुरातात्त्विक सम्पदाहरूको मूलतः वर्णनात्मक अध्ययन गरिएको छ ।

१.७.२ तथ्याङ्क सङ्कलन विधि

खास रूपमा यस स्थलसम्बन्धी अध्ययन कार्यहरू नभएको हुनाले यस अध्ययनको उद्देश्य पूरा हुने गरी आवश्यकय प्राथमिक तथ्याङ्क सङ्कलन विधिलाई मुख्य रूपमा अपनाइएको छ ।

**१.७.२.१ प्राथमिक तथ्याङ्क सङ्कलन विधि**

शोधकर्ताको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नताबाट यस अध्ययनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। तथ्याङ्क सङ्कलन गर्नका लागि अवलोकन र अन्तरवार्तालाई आधार मानिएको छ ।

**अवलोकन**

अध्ययन क्रममा शोधार्थीको प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरूको अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक अध्ययन र विषयसँग सम्वन्धित विभिन्न स्थलहरू तथा सम्पदाहरूको शोधार्थीले फोटो सङ्कलन गरी फोटाहरू पनि सामेल गरिएको छ ।

**मख्य सूचनादातासँगको अन्तरवार्ता**

यस स्थलसँग जानकारी गराउने उद्देश्यले ढोरबाराही देवीका बारेमा जानकारी राख्ने विभिन्न व्यक्तिहरूसँग अन्तरवार्ता लिइएको छ। तथ्याङ्क सङ्कलन गर्ने क्रममा १६ जना व्यक्तिहरूसँग अन्तरवार्ता लिइएको छ जसबाट यस अध्ययनलाई विशेष सहयोग प्राप्त भएको छ। अन्तर्वार्ता लिइएका व्यक्तिहरूमा स्थानीय समाजसेवी, ढोरबाराही देवीका बारेमा जानेबुझेका प्रौढ तथा वृद्ध व्यक्तिहरू, ढोरबाराहीका पुजारी, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समितिका अध्यक्ष लगायतका रहेका छन् ।

**अभिलेख तथा रेकर्डहरू**

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलन तथा अवलोकन अध्ययनका क्रममा अध्ययनसँग सम्बन्धित घण्टा, शिलालेख, तनहूँ मालपोत कार्यालय दमौलीबाट पुजारीलाई दिइएका नियुक्तिपत्र आदिको पनि प्रयोग गरिएको छ ।

### १.७.२.२ द्वितीय तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनलाई थप सहयोग पुऱ्याउनका लागि द्वितीय तथ्याङ्क सङ्कलनअन्तर्गत प्रकाशित पुस्तकहरू, शोधपत्र, पत्रपत्रिकाहरू, लेखहरू आदिको अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। यस क्रममा विभिन्न पुस्तकालयहरू, सङ्कलनकर्ताहरूसँग सम्पर्क गरिएको छ।

## १.८ अध्याय विभाजन

यस अध्ययनलाई पाँच अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय एकमा अनुसन्धान परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा तथा क्षेत्र, पूर्वकार्यको समीक्षा, अनुसन्धान विधि र अध्याय विभाजन समावेश गरिएको छ।

अध्याय दुईमा ढोरबाराही देवी र तनहुँका प्रमुख देवदेवीहरूको परिचय शीर्षकअन्तर्गत ढोरफिर्दी गा.वि.स.को परिचय, धार्मिक मान्यता र ढोरबाराही देवी, तनहूँ जिल्लाका प्रसिद्ध तीर्थस्थलहरू, ढोरबाराही देवी, ढोरबाराही देवीको उत्पत्ति, ढोरबाराही देवीप्रतिको जनविश्वास, ढोरबाराही लहरी र ढोरबाराही देवीको सांस्कृतिक महत्व प्रस्तुत गरिएको छ।

अध्याय तीनमा ढोरबाराही देवीको पूजाविधि तथा व्यवस्थापन, ढोरबाराहीको पूजाविधि, नित्यपूजा तथा बलिपूजा, पूजासामग्री, नित्यपूजा गर्ने पुजारीहरू, विशेष पूजा, मन्दिरको कला तथा वास्तुकला, ढोरबाराहीसँग सम्बन्धित गुठी व्यवस्था, ढोरबाराही देवीको मन्दिर परिसरमा रहेका विविध सम्पदा, पाटीपौवा, अभिलेख तथा ढोरबाराहीको मुख्य विशेषता शीर्षकमा वर्णन गरिएको छ।

अध्याय चारमा ढोरबाराही देवीको महत्व, संरक्षण, सम्बर्द्धन र वातावरणीय प्रभाव मूल शीर्षकअन्तर्गत धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व, मन्दिरको

महत्व र संरक्षण, ढोरबाराहीको संरक्षण र सम्बर्द्धनमा विभिन्न निकायहरूको भूमिका, जीर्णोद्धारको समयमा गरिएका मुख्य कार्य, वातावरण प्रभावबारे अध्ययन गरिएको छ भने निष्कर्ष र सुझावलाई अध्याय पाँचमा समेटिएको छ ।

यसका साथै सन्दर्भ सामग्री र परिशिष्टहरू पनि यस अध्ययनमा समेटिएको छ ।

# अध्याय : दुई

# ढोरबाराही देवी र तनहुँका प्रमुख देवीहरूको परिचय

## २.१ परिचय

एसियाको मध्यभागमा अवस्थित नेपालको भौगोलिक अक्षांश २६°२२' उत्तरदेखि ३०°२७' उत्तर र ८०°४' पूर्वदेखि ८८°१२' पूर्वी देशान्तर छ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि. मि. छ । नेपालको पूर्वी सिमाना मेची नदीदेखि पश्चिम सिमाना महाकाली नदीसम्मको जम्मा लम्बाई ८८५ कि. मि. छ । नेपालको उत्तर दक्षिण भू-भाग एकनास नभए तापनि यसको सरदर चौडाइ १९३ कि. मि. छ (स्टाटिस्टिकल पकेट बुक, २००२:१) । हिमालयको दक्षिणी काखमा अवस्थित नेपाल झण्डै चतुर्भुजाकार रूपमा छ ।

नेपाललाई भौगोलिक रूपमा हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । साथै नेपालको चुरे भू-बनोट महाभारत उपत्यका र विभिन्न हिम शृङ्खलाबाट बनेको छ । यहाँ हिमशृङ्खलाबाट हिउँ पग्लिएर बनेका अनगिन्ती हिमनदीहरू पाइन्छन् । यी हिमनदीहरू हिमाल, पहाड र तराई हुँदै बङ्गालको खाडीमा पुग्दछन् । नेपालका कोशी, गण्डकी र कर्णाली नदीहरू र अन्य नदीहरूले नेपालको भूगोललाई समेत विभाजन गरेका छन् । भौगोलिक अवस्थितिअनुसार नेपालमा विभिन्न प्रकारको हावापानी पाइन्छ ।

नेपालको भौगोलिक विविधताले गर्दा यहाँका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूमा पनि विविधता पाइन्छ । नेपालका विभिन्न भू-भागहरूमा विभिन्न मूलका बासिन्दाहरू बसोबास गर्दै आएका छन् । उच्च हिमाली भू-भागदेखि तराईसम्म विभिन्न जनजातिहरू आपसमा मिलेर बसेका छन् । यी विभिन्न जातिहरूका रहन सहन, धर्म, पर्वहरू, रीतिरिवाज आदिमा विविधता भए पनि एक आपसमा एकता पाइन्छ ।

वर्तमान नेपालको गण्डकी अञ्चलका ६ जिल्लाहरूमध्येको एक जिल्ला हो तनहूँ। भाषा-मर्मज्ञ आदिकवि भानुभक्त आचार्यको उद्‌गमस्थल हो तनहूँ। यस अर्थमा तनहूँ स्वयं काव्यधाराको अद्‌भूत क्रीडास्थल पनि हो। इतिहासशिरोमणि बाबुराम आचार्यका शब्दमा जसरी गोर्खाले बहादुरीमा नाम कमाउनमा सफलता प्राप्त गऱ्यो त्यसैगरी विद्वान्‌हरू जन्माउनमा तनहूँले प्रसिद्धि कमाएको छ भन्ने युक्तिले पनि यो यथार्थलाई पुष्टि गर्दछ। यसैले पहिलो नेपाली महाकाव्य रामायणका पृष्ठमा अङ्‌कित भानुभक्त आचार्य साहित्य क्षितिजमा सदा अविस्मरणीय रहिरहने उज्ज्वल ज्योतिकुञ्ज हुन्। यही तनहूँ जिल्लाको सदरमुकाम दमौलीदेखि पश्चिममा ढोरबाराही क्षेत्र पर्दछ।

## २.२ ढोरफिर्दी गा.वि.स. को परिचय

तनहूँ जिल्लाका ४६ गाउँ विकास समितिहरूमध्ये ढोरफिर्दी गा.वि.स. नमूना नगरोन्मुख गाउँ विकास समितिअन्तर्गत पर्दछ। नेपाल एकीकरणपूर्व गण्डकी प्रदेशका २४ राज्यहरूमध्ये ढोर पनि एउटा सानो राज्य थियो। इस्वी संवत् १४९५ मा शाहवंशका पूर्वज भूपाल रिडीबाट भीरकोटको खिलुङमा पुगेका थिए र उनका त्यहीँ खान्चा खान र मिन्चा खान नाम गरेका दुई छोराहरू भए। यिनीहरूमध्ये जेठा खान्चा खानले ढोरमा आफ्नो स्वतन्त्र राज्य कायम गरेका थिए भने कान्छा मिन्चा खानले नुवाकोटमा राज्य स्थापना गरेका थिए (शर्मा, २०३३:२०९)। ढोरलाई २००० ढोर पनि भनिन्थ्यो। ढोर राज्य कसरी ढोरफिर्दी रहन गयो भन्ने बारे ऐतिहासिक तथ्य यस्तो छ- ढोर राज्यको ढोर र फिर्दी फाँटको फिर्दीलाई लिएर गाउँ विकास समितिको नाम 'ढोरफिर्दी' रहेको पाइन्छ। ढोरफिर्दी गा.वि.स. को सीमाङ्‌कनमा पूर्वमा सेती नदी र दुलेगौंडा बजार पश्चिममा राईपुर गा.वि.स. दक्षिणमा क्याङ्‌दीखोला र उत्तरमा कास्की जिल्लाको भरतपोखरी गा.वि.स. पर्दछन्। यो गा.वि.स. तनहूँ जिल्लाको इलाका नं. ११ र निर्वाचन क्षेत्र नं. ३ मा पर्दछ। यहाँ ५७ वटा बस्तीहरू रहेका छन् जसमा २५६७ घरधुरी रहेका छन् (ढोरफिर्दी गा.वि.स. को रेकर्डबाट प्राप्त जानकारी)।

यस गा.वि.स. २७[४४'२४" देखि २७[५१'०० उत्तरी अक्षांश र ८४[२२'४८" देखि ८४[२८'१२" पूर्वी देशान्तरसम्म फैलिएको छ भने यस गा.वि.स.को धरातलको

हिसाबले उचाई ४४० मिटरदेखि १२५५ मिटरसम्मको उचाइमा रहेको छ। ढोरफिर्दी गाउँ विकास समितिको कुल क्षेत्रफल ५०७७ वर्ग किलो मिटरमध्ये खेतीयोग्य भूमि ५७.०७ प्रतिशत, वनजङ्गल ३३.८३ प्रतिशत, झाडीबुटी चरन २.४८ प्रतिशत, खोलानाला, आवास र अन्य गरी ६.६२ प्रतिशत रहेको छ (गा.वि.स.को. प्रोफाइलबाट प्राप्त जानकारी)। समशीतोष्ण र अर्धउष्ण प्रकारका हावापानी यहाँ पाइन्छ। यहाँ वार्षिक औसत वर्षा सरदर २००० मिलिमिटर हुन्छ भने अधिकतम तापक्रम ३१ डिग्री सेल्सियसदेखि ३४ डिग्री सेल्सियस तथा न्यूनतम् तापक्रम ५ डिग्रीदेखि ७ डिग्रीबीच रहेको छ (गा.वि.स. को प्रोफाइलबाट प्राप्त जानकारी)।

यस गा.वि.स.को कुल जनसङ्ख्या १३९७८ मध्ये पुरुषको सङ्ख्या ७११० र महिलाको सङ्ख्या ६८६८ रहेको छ। यहाँको साक्षरता ७५ प्रतिशत रहेको छ भने बालबालिकाको हकमा ९५ प्रतिशत स्कूल जाने गरेको पाइन्छ। यस गा.वि.स.मा प्रावि १४ वटा, निमावि १ वटा, मावि १ र उच्च मावि ३ वटा रहेका छन्।

यहाँ बाहुन, क्षत्री, नेवार, गुरुङ, मगर, गन्धर्व, दमाई , कामी, सार्की, ठकुरी, कुमाल आदि जातिका मानिसहरूले बसोबास गरेका छन्। धार्मिक सवालमा हिन्दू ९५.३ प्रतिशत, बौद्ध ४.४ प्रतिशत र क्रिश्चियन ०.४ प्रतिशत रहेका छन्। यसै गरी भाषाको हिसाबले नेपाली (खस) बोल्ने ९६.५३ प्रतिशत, मगर १.२५, गुरुङ १.६४, नेवारी ०.३९, तामाङ ०.०२ र अन्य ०.१३ रहेको छ (गा.वि.स. को तथ्याङ्कबाट प्राप्त जानकारी)।

यस गा.वि.स.को मुख्य पेशा कृषि नै हो जसमा धान, मकै, कोदो, मास, मुसुरो, गहुँ प्रमुख रहेका छन्। साथै पशुपालनलाई पनि उत्तिकै महत्त्वका साथ दिइएको पाइएको छ। यहाँ मौरी, कुखुरा, हाँस, गाई, बाख्रा, भैंसी पालनमा किसानहरू व्यस्त रहेका पाइन्छन्। यसै गरी व्यापार र वैदेशिक रोजगारमा पनि यहाँका मानिसहरूले उत्तिकै महत्त्व राखेको पाइन्छ। यस गा.वि.स.मा ढोरबाराही देवीका अलावा कोट खड्गकाली, खोरादीकोट र शिवालय मन्दिर गरी तीनवटा देवदेवालयमा दैनिक पूजा हुने गर्दछ।

## २.३ धार्मिक मान्यता र ढोरबाराही देवी

धर्म भन्नाले मानिसद्वारा निश्चित आध्यात्मिक सिद्धान्त, ईश्वर वा दैवी शक्तिमाथिको निष्ठा, भावनात्मक सम्बन्ध कायम गर्न मानिसद्वारा अवलम्बन गरिने उपासना तथा अन्य आत्मशुद्धिका उपायहरू वा संस्कारहरूको संगठनात्मक स्वरूप भन्ने बुझ्न सकिन्छ (खत्री, २०५५:११७) ।

धर्म तथा दर्शन मानव सभ्यताको इतिहासमा विश्वका अनेक भूभागमा प्रकट भएका महापुरुषहरूले लोकोपकारी उद्देश्य लिएर विशिष्ट शिक्षासहित प्रतिपादन गरेका हुन् । धर्मद्वारा संसारमा नैतिकताको मार्ग देखाई समाजबाट यावत् विकृति हटाई आमूल परिवर्तन ल्याउन कटिबद्ध बुद्ध, येशू, मोहम्मद, राम, कृष्णजस्ता महापुरुषहरूले पनि यस धरातलमै जन्म लिई आफ्नो जीवन लोक कल्याण र परिवर्तनका लागि उत्सर्ग गरेका थिए । धर्मलाई फराकिलो र उज्यालो जीवन मार्ग बनाउन आ-आफ्नो जीवन कालमा कठोर उपाय गरेर उनीहरूले समाजोपयोगी शिक्षा उपदेश, निर्देशन दिई नैतिकवान् बनाउन सके (खत्री, २०५५:११८) ।

मानव सभ्यताको प्रारम्भिक युगदेखि नै मानिसले आफूलाई कुनै अदृश्य शक्तिभन्दा फरक भएको र कुनै अवस्थामा त्यस्ता शक्तिसामु आफूलाई निःसहायसमेत पायो । त्यो कुन शक्ति थियो ? विभिन्न समयमा विश्वका विभिन्न ठाउँमा कसरी मानव मस्तिष्कले करिब एकै प्रकारले त्यस्तो अदृश्य शक्तिको अस्तित्व बोध गरी त्यसलाई चिन्ने, त्यससँग सामञ्जस्य राख्न चाहने र दृश्य वस्तुसरह त्यससँग अन्तर्क्रिया गर्न चाहने अनेक उपायहरू गऱ्यो । मानवले त्यस्तो शक्तिलाई स्वरूप नदिई त्यसको अमूर्त रूपलाई नै महत्त्व दिई आफ्नो मानसिक, शारीरिक एवम् भौतिक सङ्गठनको आधार बनायो ।

सर्वप्रथम मनोवैज्ञानिक विचारधाराअनुसार धर्मको उत्पत्ति या त मानिसको सपना, कल्पना वा मृत्युसितको उसको लगातारको जम्काभेटबाट हुन गयो या मानव संस्कृतिको विकासको क्रममा समाजलाई धर्मको आवश्यकता पर्न गयो र सो आवश्यकताअनुसार धर्मको उत्पत्ति भयो । मानवशास्त्री पल ऱ्याडिनका अनुसार मानिसले आफ्नो विकासको मार्गमा अनेक गम्भीर चुनौतिहरू देख्यो जसको

समाधानार्थ यसले आध्यात्मिक भावनाको विकास गऱ्यो । मानव शरीरको नाश तथा आत्माको स्थानान्तरण र विभिन्न काजकिरियाको यात्रामा चिन्तन गरियो । आत्माबारे विद्वान्हरूले स्वप्नानुभूतिसित आत्मा र शरीरको सम्बन्ध रहने उल्लेख गरे । भनिन्छ, स्वप्नमा पनि शरीरले काम गरिरहने हुन्छ । यस्तो अवस्थामा पनि आत्माले शरीरलाई नियन्त्रणमा लिन्छ । जसले गर्दा बाह्य संसारसित पनि आत्माबीच सम्बन्ध हुन्छ । यही कारणले पनि यस संसारमा अदृश्य शक्ति सम्बन्धी धर्मको उत्पत्ति हुन पुग्यो ।

मानव यस ब्रह्माण्डकै उच्च चेतनशील प्राणी मानिन्छ र उसको उत्पत्तिको कालदेखि नै ऊ विभिन्न किसिमका डर त्रास, सङ्घर्ष तथा पिरमर्काबाट अछुतो रहन सकेन । सुरुका दिनहरूमा मानिसले भोजन व्यवस्थापन गर्ने क्रममा ऊभन्दा शक्तिशाली प्राणीले उसको भोजन हडप्ने गर्दा उसले आफूलाई एक निरिह प्राणी ठानी उसकै शक्तिकै पूजा अर्चना गर्न थाल्यो । यसै गरी जब मानव ढुङ्गेयुगबाट कृषि युगतिर लम्कियो त्यतिबेला पनि उसले विभिन्न प्राकृतिक आपत विपतबाट छुटकारा पाउन भने सकेन किनकि उसले जब आफ्नो खेतीबाली पाक्ने बेला हुन्छ सोही बेलाबखतमा विभिन्न किसिमका प्राकृतिक विपत जस्तो हावाहुरीले बाली पूर्ण नष्ट गरी मुखमा आएको खाने आहारा खोसिदिने, चट्याङ पर्ने जसले विभिन्न पशुलगायत मानवलाई क्षति पुऱ्याउने, बाढीपहिरो जाने जसले गर्दा मानवको खेतबारी बगाउनुका साथै घरबारविहीन हुन पुग्ने कहिले अनावृष्टि हुने त कहिले अतिवृष्टि हुने आदि कुराले मानवलाई अदृश्य शक्तिको परिकल्पना गर्न बाध्य बनायो । उसले त्यति बेला देखिनै त्यो अदृश्य शक्तिलाई कसरी हुन्छ खुसी पारी पूजा अर्चना गर्न थाल्यो । मानवले आफूले उत्पादन गरेको नयाँ बाली जुन आफूले पहिला नखाइकन त्यो अदृश्य शक्तिलाई चढाउन थाल्यो साथै पृथ्वीमा प्राप्त हुने विभिन्न प्राणीहरूको भोग दिई खुसी पार्न तल्लीन रह्यो । वास्तवमा त्यो बेलादेखि नै देवदेवीको सिर्जना भएको हुनुपर्दछ । यसरी त्यो ढुङ्गेयुग, कृषियुग हुँदै अहिलेको यो आधुनिक युगमा पनि मानिसले आफूले गरेका विभिन्न पापहरूलाई पखाल्न, मनोकाङ्क्षाहरू पूरा गर्न तथा देवीदेवतालाई खुसी बनाएर आफ्नो उन्नति प्रगतिको ढोका खोल्न देवदेवीको परिकल्पना गर्दै उनीहरूको पूजाआजा गर्ने कार्यलाई निरन्तरता दिँदै गरेको पाइन्छ ।

मानवले रोगको कारण अल्पायुमा मृत्यु भएमा पनि दैवीशक्तिले गर्दा नै यस्तो

भएको हो भनी विश्वास गर्न थाल्यो र मरेपछि पनि उसबाट दुःख कष्ट नहोस् भनेर उसलाई विशेष तयारी वा विधिअनुसार निश्चित स्थानमा पुऱ्याएर संस्कार गर्ने प्रेततत्वबाट देवत्व प्राप्त गर्ने अनेक विधि अपनाउने प्रथा पनि चलायो। यसरी पनि देवीदेवताहरूको उत्पति भएको हो भन्न सकिन्छ (खत्री, २०५५:१२८)।

यस्तै गरी मानव सभ्यताको प्रारम्भिक कालदेखि नै मानिसले पवित्र र अपवित्र तथा दृश्य-अदृश्य शक्तिहरूबारे विशेष अनुभव सँगाल्दै आयो। यस्ता अनुभवहरूलाई उसले विविध प्रतीकात्मक क्रियाकलाप एवं संस्कार आदिमा व्यक्त पनि गर्न थाल्यो। कुनै अभिव्यक्ति सरल, सामान्य भए भने कुनैमा उसले बढी जोश, भावुकता पनि व्यक्त गऱ्यो। कारण कतिपय अदृश्य शक्तिलाई सामना गर्न विशेष शक्ति र कला भएकै मानिसको आवश्यकता पऱ्यो। यसै गरी तन्त्रमन्त्र ज्ञाता, धामी-झाँक्री वर्गको प्रादुर्भाव पनि हुन पुग्यो।

प्रस्तर युगदेखि मानिसले आफ्नो जीविकाका लागि साधन वा खाद्य जुटाउने क्रममा केही अदृश्य शक्तिको कल्पना गरी तिनको उपासना गर्ने गरेको अनुमान प्रागइतिहासविद्हरू गर्छन्। यसरी आदि मानवका सामाजिक, राजनीतिक साथै आर्थिक कारोबारमा पनि दैवी शक्तिको भूमिकामा मानिसको विश्वास स्थापित भएको कुराको बोध हुन्छ, यद्यपि यो बोध मूलतः अनुमानमा नै आधारित छ। मानिसले आफ्नो आर्थिक उन्नतिका लागि उसले विशिष्ट देवताको कल्पना गरी तिनको उपासना गऱ्यो। जस्तै हिन्दू समाजमा बसुन्धरा, कुवेर, भीमसेन, भैरव, लक्ष्मी, गणेश आदि उच्चकोटिका देवी-देवताहरू मानिसको आर्थिक प्रगतिसित सम्बद्ध मानिन्छन् (खत्री, २०५५:१३६)।

प्राचीन कालदेखि नै पृथ्वीको बाह्य वातावरण अन्तरिक्ष (वायु, आकाश, मेघ) आदिसँग मानिस सचेत रहेको देखिन्छ। मेघ तथा यसको गर्जनलाई साँढेसँग तुलना गरेको हुनाले हिन्दू धर्ममा अझै पनि गाई गोरुलाई पूजा गरिराखिएको छ। त्यति मात्र होइन गाईलाई हिन्दू धर्मावलम्बीहरूले लक्ष्मीको प्रतीकका रूपमा पनि पूजा गर्दछन्। यस्तै गरी काली, दुर्गालाई पनि हिन्दु समाजमा साक्षात देवीका रूपमा पूजा गरिँदै आएको छ ९ज्बचमष्लन, ृण्णघ० ।

यसै गरी सुमेरु सभ्यतामा नाम्नु नामकी एक देवीको नाउँ बरोबर आउँछ।

यिनी जगतकी जननी मानिन्छन् । उनका दुई जुम्ल्याहा सन्तति थिए- आन र एन । ती दुई आकाशका प्रतीक मानिन्थे र लिङ्गका आधारमा एन पुरुष थिए भने आन पृथ्वीकी प्रतीक थिइन् र लिङ्गका आधारमा स्त्री । यी दुईका सन्तान आन तिल वायुमण्डलका देवता थिए यसरी पनि के बुझ्न सकिन्छ भने देवदेवीको सिर्जना परापूर्वकालदेखि नै भएको हो (खत्री, २०५५:१४२-४३) ।

खास गरी मानवले देवदेवताहरूलाई पनि विभिन्न प्रकारले तीनै लोकमा सिर्जना गरेको पाइन्छ। जस्तो अन्तरिक्ष वा आकाशका देवताले मानवको नैतिक व्यवहारको नियन्त्रण गर्छन् भन्ने हुनाले यिनलाई ठूलो आदरसाथ हेरिन्छ। पृथ्वीका देवताले जमिनको रक्षा गर्छन्, चोरी आदि गलत व्यवहारको सजाय दिन्छन् । यहाँ माछा, सर्प, छेपारो आदि विविध शक्तिको रूपमा मानिन्छ । अतएव, त्यस किसिमको अस्तित्व नहोस् भनेर सुँगुरको बलि दिइन्छ । अर्को छ पातालसँग सम्बन्धित, जसले मृत्युसँग सामना गर्नुपर्छ भन्ने समाजमा मान्यता बनाउँछ। यसले गर्दा पनि यो पृथ्वीमा लामो समयसम्म आफ्नो अस्तित्वलाई अग्रस्थानमा राख्न पनि देवदेवीको रचना गरेको हुनसक्छ ।

जगत नै प्रकृति रुपिणी मातृशक्ति भएकाले श्रीयन्त्र तथा श्रीचक्रमा मातृदेवीको कल्पना र उपासना गरिन्थ्यो । प्रायः स्त्रीलिङ्गका देवी तथा भगवान्लाई शक्तिको रूपमा पूजा गरिँदै आएको छ । सिन्धुघाँटीमा प्राप्त नारी मूर्तिहरू मातृदेवीका रूपमा पूजित थिए (खनाल, २०५२:१६३) । आर्यहरूका निम्ति प्रकृति स्वरुपिणी पराशक्तिका प्रतीक थिए । समस्त पुरुषधारी देवताकी शक्तिरुपिणीका रूपमा मात्र शक्ति पूज्य थिइन् ।

यसै गरी बराहको मूर्तिको चर्चा गर्दा अलिकति खुम्च्याइएको वायाँ गोडाको तल अञ्जलि मुद्रामा स्थित नृ-नागले जल वा पातालको प्रतिनिधित्व गरिएको छ ( खनाल, २०५२:११९) । पृथ्वी उद्धारकर्ता बराह शक्ति बाराही मातृशक्तिको चिन्तन-परम्परा उपनिषद् साहित्यको अर्को विकसित पक्ष आगमशास्त्रमा भएको पाइन्छ ( खनाल, २०५२:१६६) । नेपालको परिप्रक्ष्यमा कुरा गर्दा मातृका मन्दिहरूमध्ये बल्खुस्थित बाराही पनि हो । यहाँ ब्राह्मायणी, कौमारी, वैष्णवी, बाराही मातृका मूर्तिहरूमा सबैभन्दा महत्वपूर्ण मूर्तिहरू मानिन्छन् । सबैभन्दा पुरानो मूर्ति चाँगुस्थित छिन्नमस्ता

मन्दिरभित्र छ । अरू मूर्तिहरू यसैका आदर्शमा निर्माण गरिएका हुन् । यो मूर्तिको मुख बराह अनुरूप छ । मूर्तिको दायाँ हातमा पात्र र वायाँ हातमा माछा रहेको छ ।

हिन्दु धर्मको दर्शन, गर्व, महत्त्व धेरै पहिल्यैबाट नै चर्चित छ। हिन्दु धर्म लोकहितकारी भएकाले र यसले समाजमा ठूलो योगदान पुऱ्याएको हुँदा यस धर्मलाई हिन्दु समाजले सजिलै स्वीकारिरहेको छ। यो धर्म अति पुरानो र तरल किसिमको भएकाले यस धर्मको भविष्य उज्ज्वल देखिन्छ ९ज्गथभिच, ज्ञढढढ० भनी विद्वान्हरूले प्रकट गर्दछन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने मानिसले आफू बस्ने पृथ्वीभन्दा पृथक् माथितिर एउटा स्वर्गलोक र मुनि पृथ्वीको कल्पना गऱ्यो। पछि पृथ्वी र स्वर्ग वा द्युलोकबीच एक अन्तरिक्ष लोकको पनि उसले कल्पना गऱ्यो। वैदिक हिन्दूहरूले देवताहरूलाई पनि तीन श्रेणीमा विभाजन गरी ती तीनै लोकको अधिष्ठाताका रूपमा स्थापित गरे। यसरी यस संसारमा धर्म, देवदेवीको उत्पत्ति तथा विकास हुने क्रम बढ्दै गयो र मानवहरूमा अहिले पनि धर्म, देवदेवीप्रति उत्तिकै विश्वास रहेको देखिन्छ। यिनै मान्यताहरूमा अन्यत्र विभिन्न देवदेवीहरूको श्रद्धा, महिमा भए जस्तै विशेषतः हिन्दू धर्मका अनुयायीहरूमा ढोरबाराही देवीको पनि विशेष महिमा रहेको छ ।

## २.४ तनहुँ जिल्लाका प्रसिद्ध तीर्थस्थलहरू

महान् ऋषिमुनिहरूको जन्मभूमि र तपोभूमि नेपालमा असङ्ख्य धार्मिक पीठहरू र मठ-मन्दिरहरू छन्। शक्तिपीठ र ज्ञानपीठको साझा फूलबारी नेपाललाई मन्दिरै मन्दिरको पावन भूमि पनि भनिन्छ। धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने त्यस्ता धेरै देवस्थलहरूलाई हिन्दू धर्मावलम्बीहरूले बडो महत्त्व दिएको पाइन्छ। यसै गरी तनहूँ जिल्लामा रहेका विभिन्न देवदेवीहरूको यहाँ सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

### १. अकला मन्दिर

तनहुँ, आँबुखैरेनी गा.वि.स.-२ बरादीफाँटस्थित कर्मदा र मर्स्याङ्दी नदीको दक्षिणी किनारमा रहेको अकला मन्दिरको आफ्नै वैशिष्ट्य र किंवदन्तीमय इतिहास

छ। यसको उत्पत्ति र स्थापनाबारे कुरा गर्दा धेरै पहिला लमजुङको पहाडी दुर्गम भेकको नदी किनारी भागमा ठूलो पहिरो गयो र मर्स्याङ्दीको भेलमा मन्दिर बग्यो। सबैतिर हल्लाखल्ला भयो, मानिसहरू अकला देवीलाई खोज्न किनारै किनार दौडे। तिनीहरू तनहूँको बरादी भन्ने ठाउँमा आइपुग्दा अकला देवीको मूर्ति झलक्क देखे र यसलाई देवीको खण्डित भाग हो कि भनी अड्कल गरे। बडो मुस्किलले त्यसलाई नदीबाट निकाली दुवै किनारमा विभाजन गरी दुई देवीको प्रतिस्थापन गरी मन्दिर निर्माण गरे। दुवै किनारका देवी मन्दिरमा क्षत्री पुजारी चयन गरियो। नदीको भेलबाट बग्दै आएको अवशेष टुक्रा यही हो भनी अड्कल काटेर सानो टुक्रा झिकिएको हुँदा सर्वप्रथम यसलाई 'अड्कलादेवी' भन्ने गरियो र पछि अड्कलादेवीबाट 'अकला देवी' मा रूपान्तरित भएको पाइन्छ (मिश्र, २०५७:७५०)।

## २. थानीदेवी माई

तनहूँका तीर्थस्थलहरूमध्ये जिल्लाको पूर्वी भागमा अवस्थित 'थानीको थान' वसन्तपुर गा.वि.स. मा पर्दछ। यसको आफ्नै विशेषता के रहेको छ भने गर्भिणी भएकी मगरकी मरेकी छोरीलाई वसन्तपुर डाँडामा गाडेपछि मरेको मानिसले जिउँदो मानिसलाई समेत दु:ख दिएको हुँदा सबैले उसलाई पूजाआजा गरेर थन्काएपछि शान्त भएको र पछि यिनैलाई 'थानीको थान' भनिएको पाइन्छ। वि.सं. १९८१ देखि यहाँ फूलको डोली ल्याउने परम्परा चलेको बुझिन्छ। यहाँ प्रत्येक सोमबार सत्यनारायणको पूजा लगाइन्छ। यसो गर्नाले आफ्नो मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।

यस मन्दिरमा श्रावणमा डोली ल्याउने काम गरिँदैन। मन्दिरमा मगर पुजारी छन्। यहाँ विभिन्न जिल्लाहरूबाट डोली चढाउन आएको भेटिन्छ। स्थानीय बासिन्दाका अनुसार वि.सं. २०४२ कार्तिक २० गते मंगलबारका दिन यहाँ करिब ७०० फूलका डोलीहरू आएका थिए। यहाँको अर्को अचम्मको कुरा के छ भने यो थानी देवी माई भएर पनि यहाँ बलि दिने चलन छैन (मिश्र, २०५७:७५८)।

### ३. आँधीमूल बाराही

तनहूँका धेरै बाराहीमध्ये आँधीमूल बाराही पनि एक रमणीय देवस्थल हो। आँबुखैरेनी गा.वि.स. वडा नं. १ झ्याँक्रीडाँडाको फेदमा रहेको यस देवीको आफ्नै पौराणिक महत्त्व छ। यी देवीको पूजाआजा गर्नाले प्राकृतिक विपत्ति आँधीबेहरीबाट छुटकारा पाइन्छ भन्ने विश्वास छ। यस बाराहीलाई आँधीमूल, आँदीमूल र आदिममूल बाराही पनि भनिन्छ।

यहाँ दुईवटा मन्दिरहरू छन्, पौवा पनि रहेको छ साथै पोखरी रहेको छ जहाँ २३ वटा धाराहरू रहेका छन्। पोखरीमा प्रशस्त सुनौला माछाहरू राखिएको छ। आँधीमुलबाट निस्कने पानीको ४०० मिटर तलसम्म माछा मार्न पाइँदैन। यहाँ पनि छाब्दीबाराही तथा ढोरबाराहीमा जस्तै ठूला-ठूला रुखहरू रहेका छन्। यहाँ दिनप्रतिदिन श्रद्धालुहरूको भीड बढ्दै गइरहेको छ। यसो हुनुको कारण श्रद्धालुहरूको भाकल पूरा भएको पुष्टि हुन्छ। यस देवीको नाममा गुठीबाट २५-३० मुरी धान उत्पादन हुन्छ। उक्त अन्न माछाको आहारा, अक्षता र पूजाआजामा प्रयोग गरिन्छ। यस मन्दिरमा पहिले लामिछाने मगर जातिका पुजारी थिए, त्यसपछि पोखरेल थरका पुजारी भए भने हाल आएर मास्के थरका पुजारी रहेका छन्। बोका, पाठा, परेवा, हाँस, कुखुराको मन्दिरभित्रै भोग चढाइन्छ भने पञ्चबलि मन्दिर बाहिर दिइन्छ (मिश्र, २०५७:७६१)।

### ४. देवघाट

नेपालका प्रमुख धार्मिक तीर्थस्थलहरूमध्ये हरिहर क्षेत्र आदि प्रयोग देवघाटधाम महान पुण्यस्थल हो। नेपालका सम्पूर्ण देवताहरू यस सङ्गमस्थलमा आएर मिलेकाले यसलाई देवघाट भनिएको हो। माघेसङ्क्रान्तिका दिन स्वर्गका देवीदेवता आएर स्नान गर्ने भएकाले यसको नाम देवघाट रहेको भन्ने जनश्रुति पनि पाइन्छ। देवताहरूको जमघट हुने हुनाले देवघाट भनिएको हो भन्ने भनाइ पनि रहेको छ। नेपालको मध्य भागमा पर्ने देवघाट भौगोलिक आकारले तीन अञ्चल- गण्डकी, नारायणी र लुम्बिनी अञ्चलका साथै तनहूँ, चितवन र नवलपरासीसम्म फैलिएको छ। तर यस तीर्थस्थलको प्रमुख केन्द्रबिन्दु भने तनहूँ जिल्लामै पर्दछ। त्रिशूली र कालीगण्डकीको

सङ्गमस्थलदेखि उत्तरपट्टि यो तीर्थस्थल रहेको छ । सप्तगण्डकीको पावनभूमि देवघाट अनादिकालदेखि नै महान् पुण्य क्षेत्र रहँदै आएको छ । यहाँ शिवरात्री, माघेसङ्क्रान्ति, ठूली एकादशीका दिन धार्मिक मेला लाग्दछ । यसका अतिरिक्त वर्षैपिच्छे धार्मिक उत्सव भइरहन्छ भने यहाँ असङ्ख्य भक्तजनहरू तीर्थव्रत गर्न आई स्नानादि पुण्य कर्महरू गर्दछन् । यस तीर्थस्थलमा आएर मिल्ने सात गङ्गाहरूले सातै नदीको महत्त्वलाई बुझाउँछन् । जस्तै कृष्णगण्डकी सुवर्ण नदी, सेती दुग्ध प्रभा, रत्नधारा मादी, शीतप्रभा मर्स्याङ्दी, कर्मदा, दरौंदी विश्वधारा, बुढीगण्डकी यशोधारा तथा त्रिशूली गण्डकी धर्मधारा समेत सातै गण्डकीको सङ्गम हरिहर क्षेत्र आदिप्रयाग देवघाट पुण्य तीर्थस्थल हो ।

### ५. दमौली पाञ्चायन मन्दिर

दमौलीलाई आदिम कालदेखि नै महर्षिहरूको आदर्श तपोभूमि मानिएको छ । तनहूँको सदरमुकाम दमौली व्यास नगरपालिकामा अवस्थित मादी र सेती नदीको सङ्गमदेखि उत्तर किनारमा अवस्थित छ । यो पहाडी जिल्ला सदरमुकाममध्ये निकै होचो ठाउँमा रहेको सदरमुकाम हो । यो चारैतिर हरियाली पहाडहरूले घेरिएको ठाउँ हो । यहाँ व्यास जन्मस्थल, परासरगुफा व्यासगुफा, व्यासकुण्ड, शिवकुण्ड, ज्ञानगुफा र ध्यान गुफाजस्ता ऐतिहासिक गुफाहरू रहेका छन् । भनिन्छ, व्यासका बराजु वशिष्ठ ऋषिको आश्रम देवघाट नै भएको उनका छोरा शक्तिले अलगै एकान्त जङ्गल नदीको सङ्गमसमेत भएको दमौलीलाई रोजे (मिश्र २०५७: ७६९) । यो ठाउँ वेदव्यासको जन्मभूमि र तपोभूमिका कारण चर्चित छ । यहाँ माघेसङ्क्रान्ति, एकादशी, तीज, जन्माष्टमी र महाशिवरात्रिमा भक्तजनहरूको ठूलो भीड लाग्दछ ।

### ६. छाब्दी बाराही

छाब्दी बाराही देवीको मन्दिर तनहूँको मात्र नभएर गण्डकी प्रदेशकै एक महत्त्वपूर्ण तीर्थस्थल हो । पौराणिक कथाअनुसार छाब्दी र ढोरबाराही दिदीबहिनी हुन् । यो मन्दिर दमौलीदेखि सिधा पूर्व बन्दीपुरको उत्तरपश्चिमपट्टिको पहाडी श्रृङ्खलामा पर्दछ । केशवटार ठाउँको पहाडको शिरबाट एउटा खोला (जरुवा) निस्केर बगेको जसलाई छाब्दी खोला र त्यसको बेसीलाई छाब्दी फाँट भनिन्छ । पछि यो मादी, सेती

गण्डकीमा मिल्दछ। त्यही खोलाको शीरमा पश्चिम मुख भई चारैतिर पहाडले घेरिनुको साथै रमझम जङ्गल पनि रहेको छ। यहाँ एउटा वर्गाकार पोखरी छ जसमा ठूलाठूला काला रजवाम माछाहरू छन्। पोखरीको डिलबाट बोका, पाठा, हाँस काटी बली चढाउँदा, पोखरीमा फ्याँक्दा माछाहरू रमाउँछन्। मन्दिर परिसरबाहिर राँगा, बाखा, कुखुरा काटिन्छ। भाद्र र असोजमा पञ्चबलि दिइन्छ। यस मन्दिरको पश्चिमपट्टि अर्को कुण्ड छ जहाँ ऋषि वेदव्यासकी आमा सत्यवतीको जन्म भएको मानिन्छ।

छाब्दीबाराहीमा अनौठो मान्नुपर्ने कुरा के छ भने यहाँको एक कुण्ड धमिलो हुँदा अर्को कुण्ड पनि धमिलो हुन्छ तर बीचमा रहेको बाराहीखोला चाहिँ सफा नै रहन्छ। यहाँ औंसी, एकादशी र श्रावणमा पूजाआजा हुँदैन। यहाँ १७ औं शताब्दीपूर्वदेखि नै बलि चढाउँदै आएको बुझिन्छ। पूजारी मानबहादुर आलेमगरका आठ पुस्तादेखि पूजाआजा गर्दै आएका र वि.सं. १९३१ सालमा श्री ५ सुरेन्द्रविक्रम शाहका पालामा लालमोहर गरी निज आलेमगरका सन्तानलाई दिएको बुझिन्छ।

छाब्दी बाराहीको मौलिक कथा भने यस्तो छ कि एकदिन मत्स्यगन्धादेवी बालिकाको रूप धारण गरी जहरसिंह आले नामको घरमा गई बास माग्न थालिछन्, माझी भने भर्खर माछा मारेर बसेका थिए। बास माग्दा उनले बस्ने अनुमति दिए र बालिकाले म बाराही देवी हुँ, अब म तल कुण्डमा बस्छु, तेरो एक सन्तानले मेरो सेवा गरिरहनु भन्दै त्यहाँबाट अलप भइन्। भोलिपल्ट जहरसिंह त्यहाँ गएर हेर्दा त्यहाँ शिला देखेछन्। तिनीहरू चलाउनै नसकिने खालका थिए। त्यतिबेलादेखि त्यहाँ पूजाआजा गर्न लागेको किम्वदन्ती छ। यदि यहाँको माछालाई बाढीले बगाएर अन्यत्र लागेमा पुनः डोलीमा राखी यहीँ फर्काइन्छ। साथै माछाहरूको मृत्यु भएमा पुजारीद्वारा किरिया बस्ने पनि चलन छ। यस छाब्दी बाराहीप्रति जनमानसमा दिनप्रतिदिन धार्मिक विश्वास बढ्दै गएको छ।

**७. छिम्केश्वरी भगवती**

तनहूँको छिम्केश्वरी गा.वि.स.को छिम्केश्वरी डाँडामा यी भगवतीको स्थान पर्दछ भने यो आबुँखैरेनी देउराली, देवघाट गा.वि.स.सँग जोडिएको छ।

छिम्केश्वरी भगवतीदेवीको बारेमा पृथक किंवदन्ती जनश्रुति रहेको छ। तनहूँ भूमिमा रहेका तीन कालिका दिदीबहिनीहरूको एकैसाथ पूजा आराधना गरिन्थ्यो र पछि पूजा गर्न छोडिएकाले एकै ठाउँमा बस्न नरुचाएर दुई दिदीबहिनी उडेर बसाई सरे, तर एउटी उड्न लाग्दा पुजारीले तोपको पखेटा काटिदिएको हुनाले अद्यापि एउटा देवी तनहूँसुर दरबारमा छिन् र दुईवटीमध्ये एउटी छिम्केश्वरी माई र अर्को मनकामना माई हुन भन्ने किम्वदन्ती रहिआएको छ (मिश्र, २०५७: ७८०)।

## ८. खड्गदेवी मन्दिर

सरस्वती र लक्ष्मी दुवैको संयोगस्थल रहेको बन्दीपुर नगरीमा धेरै सम्पदा र धार्मिक स्वरूपमा शक्तिपीठहरू विद्यमान छन्। धर्मको संरक्षण गर्ने लक्ष्य र उद्देश्यले प्रेरित भएर स्थापना गरिएको खड्गदेवी मन्दिर बन्दीपुरको सबैभन्दा पुरानो, ऐतिहासिक र पुरातात्त्विक वस्तुले परिपूर्ण छ। यी खड्गदेवी बन्दीपुरबासीका इष्टदेवता हुन्। यस देवीको इतिहास यसप्रकार रहेको छ- पाल्पाली राजा मणिमुकुन्द सेन प्रथम देवीको भक्ति तथा तपस्यामा तल्लीन थिए भनिन्छ र उनले आफ्नो अन्तिम कालमा बन्दीपुरदेखि पश्चिममा रहेको मुचुकडाँडा आई तपस्या गरेका थिए। उनले राज्य विस्तार गर्दा प्रयोग गरेको खड्गलाई दरबारमा भगवती शक्तिको रूपमा मानी प्रतिस्थापन गरिएको हुँदा यिनको नाम खड्गदेवी रहन गएको हो भन्ने मानिन्छ। यहाँ फूलपातीको दिनमा खड्गयात्रामा प्रयोग गरिने देवीको गहना वि.सं. १८७६ सालमा ढुवाचा ब्राह्मण उपाध्यायले चढाएको कुरा गहनामा अङ्कित छ। यसैगरी वि.सं. १९१६ देखि यहाँ गुठीको व्यवस्थापन पनि गरिएको पाइन्छ (मिश्र, २०५७: ७८१)।

उपर्युक्त आधारमा तनहूँ जिल्लामा महत्त्वपूर्ण देवदेवीहरू पर्याप्त रहेका छन् भन्ने कुरा स्वतः पुष्टि हुन्छ। तनहूँमा रहेका देवदेवी तथा तीर्थस्थलहरूमध्ये एक महत्त्वपूर्ण देवीका रूपमा ढोरबाराही देवी रहेकी छन्। जसको विस्तृत विवरण तल प्रकाश पारिएको छ।

## २.५ ढोरबाराही देवी

सत्य युगमा विभिन्न देवीदेवताहरूको आराधनास्थल र ऋषिमुनिहरूको तपोभूमि भनेर विभिन्न धर्म शास्त्रहरूमा उल्लिखित हिमाली राज्य नेपालमा धेरै देवस्थलहरू छन्। धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने त्यस्ता धेरै शक्तिपीठहरूका कारण नेपाल भूमि पवित्र भूमि भनेर हिन्दू धर्मावलम्बीहरूले मुक्तकण्ठले प्रशंसा गर्दछन्। पशुपतिनाथ, गुह्येश्वरी, स्वयम्भूनाथ, मनकामना, विन्ध्यवासिनी, तालबाराही, भद्रकाली, गोरखकाली, सतौं चण्डी, बागलुङ कालिका, स्वर्गद्वारी आदि अनेकौं प्रसिद्ध देवदेवीहरूलाई नेपालीहरूले श्रद्धा र महिमा गर्दछन्। त्यस्तै श्रद्धाको केन्द्र तथा देवस्थलहरूमध्ये एक हो ढोरबाराही देवी तथा ढोरबाराही स्थल।

तनहूँ जिल्ला ढोरफिर्दी नमूना नगरोन्मुख गाउँ विकास समितिको वडा नं. ७ को बाजस्थला (बात्थला) नामक गाउँदेखि दक्षिण र फिर्दी फाँटदेखि करिब २ कि.मि उत्तर दिशामा पर्ने जङ्गल (बाराही वन) को छेउमा ढोरबाराही देवीको मन्दिर रहेको छ। कास्की पोखराबाट पूर्वतर्फ पृथ्वी राजमार्गको २४ कि.मी. दूरी पार गरिसकेपछि दुलेगौंडा बजारबाट ५ कि.मि टाढा पश्चिम दिशामा पर्ने विशाल फिर्दी फाँटको मनोरम दृश्यावलोकन गर्दै पैदल यात्राबाट करिब १.३० घण्टामा ढोरबाराहीको मन्दिरमा पुगिन्छ। यस स्थानसम्म पुग्न कच्ची मोटरबाटोको पनि व्यवस्था भएको छ।

ढोरबाराहीको स्थापना वा पूजाआजा कहिले र कसले प्रारम्भ गरेको भन्ने बारे यकिन प्रमाण प्राप्त छैन। चौबीसे राज्यमध्येको ढोर रजस्थलको फेदमा भएकाले ढोरका खान शाह राजाहरूले पनि यस्तो प्राकृतिक विशेषतायुक्त स्थललाई मानेको हुनुपर्दछ। तर त्यहाँ प्रमाणयुक्त तत्कालीन पुरातात्त्विक अवशेष पाउन सकिएको छैन। त्यहाँ सम्वत १७६५ अङ्कित एउटा घण्टा छ। त्यस्तै सम्वत ९६७ (डिल्लीराम मिश्रका अनुसार नेवारीमा लेखिएको), वि.सं. १९०३ र अर्को वि.सं. १९४३ को घण्टा अभिलेख पनि रहेका छन्।

## २.६ ढोरबाराही देवीको उत्पत्ति

यस ढोरबाराही देवीको उत्पत्ति कहिलेबाट भयो भन्ने बारेमा यकिन ठोस प्रमाण प्राप्त हुन सकेको छैन । विभिन्न किंवदन्ती र जनश्रुतिका आधारमा मात्र यसको उत्पत्ति र स्थापनाको बारेमा बुझ्न सकिन्छ । मन्दिरमा चढाइएका घण्टाहरूमा लिखित तिथिमितिका आधारहरू केही मात्रामा भए पनि देवी स्थापना भएको अनुमान गर्ने आधारहरू हुन् । ढोरबाराही गा.वि.स.-७ निवासी कृष्णप्रसाद लम्साल बताउँछन् कि यस मन्दिरमा प्राप्त भएको घण्टा अभिलेख जसमा सम्वत् ९६७ लेखिएको छ त्यसलाई वि.सं. कै रूपमा लिएर यहाँका मानिसहरूले पुस्तौंपुस्तादेखि यहाँ पूजा चलेको बताउँछन् तर पनि उनी भन्दछन् कि यो देवीको यहाँ यस स्थानमा पूजा अर्चना गर्दै आएको समय किटान गरी भन्न सकिँदैन (भेटवार्ता, कृष्णप्रसाद लम्साल) ।

जगमान गुरुङले आफ्नो पुस्तक 'नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रश्रवण क्षेत्रका तीर्थस्थलहरूका विश्लेषणात्मक अध्ययन' मा यसको उत्पत्तिको बारेमा यसरी प्रस्तुत गर्नुभएको छ कि गण्डकी माहात्म्यमा ढोरबाराहीलाई भगवान् श्रीबराह र पृथ्वीको संवादको रूपमा रचना गरिएको छ। हिरण्याक्ष नामक दैत्यको अन्याय र अत्याचारबाट पृथ्वी पातालमा बिलाउन लाग्यो । त्यसपछि बैकुण्ठधामका भगवान् विष्णुले बराह अवतार लिएर पृथ्वीको उद्धार गर्नुभयो । पछिपछि यसलाई देवीको रूपमा पूजा गर्न थालियो (गुरुङ, २०६१:११३) । उनले संवत ९६७ लेखिएको घण्टाको मितिलाई भने वि.सं. नमानी नेपाल संवत मानेका छ र त्यस आधारमा सो घण्टा वि.सं. १९०३ मा चढाइएको उल्लेख गरेका छन् (गुरुङ, २०६१:११३) ।

ढोरबाराही देवीको उत्पत्ति तथा पूजाआजाको सञ्चालनको सुरुआतका सम्बन्धमा डा. ज्ञानबहादुर कार्कीले यसरी उल्लेख गरेका छन् :

> यति ठूलो प्रसिद्धि बोकेको ढोरबाराही देवीको पूजाआजाको सञ्चालन कहिलेबाट भएको हो भन्ने सम्बन्धमा भने निश्चित किटानी गर्ने कुनै प्रमाणहरू छैनन् । ढोरबाराहीका पूर्व पुजारी घनश्याम लम्साललाई तत्कालीन तनहूँ माल कार्यालयले पुजारीका रूपमा २०२८ सालमा दिएको नियुक्तिपत्रमा वि.सं. १९७५ कोड गरिएको पाइएकाले वि.स.

१९७५ तिरबाटै सरकारी रूपमा पुजारी राख्ने व्यवस्था भएको मान्न सकिन्छ। यहाँका स्थानीय बासिन्दा भने पुस्तौं पुस्तादेखि देवीको पूजा गर्ने चलन भएको कुरा बताउँछन्। प्रमाणिक कुरा गर्ने हो भने यहाँ श्री शाके १८०८ श्री सम्वत (वि.सं.) १९४३ सालमा नित्यकुमारी देवीले चढाएको एउटा ठूलो घण्टा रहेको छ भने अर्को नेवारी लिपिमा लिखित घण्टामा संवत ९६७ लेखिएको छ। नेवारी लिपिमा लेखिएको कारण यो नेपाल संवत हुनुपर्दछ। यसलाई नेपाल संवत मान्दा वि.सं. १९०३ हुन आउँछ। यसबाहेक यो भन्दा पुराना प्रामाणिक कुराहरू त्यहाँ पाइँदैनन् तर स्थानीय बासिन्दाहरू त्योभन्दा धेरै पहिलादेखि देवीको महिमा रहँदै आएको आफूहरूले सुनेको कुरा व्यक्त गर्दछन्। यसर्थ देवीको उत्पत्तिको तिथिमिति किटान गर्न सकिने अवस्था छैन। ढोरबाराही दवीको उत्पत्ति समय किटान गरेर भन्न सकिने अवस्था नभएको भए तापनि देवीको प्रसिद्धि भने व्यापक छ।

यस्तै गरी यस देवीको उत्पत्तिका बारेमा अर्का विद्वान् भन्दछन् कि जब भगवान् विष्णुले पृथ्वीको उद्धार गर्नुभयो वहाँको शक्तिलाई स्त्रीको रूपमा मानिँदै आएको र जब पृथ्वीसहित उहाँ अवतरित हुनुभयो तब मनु आदिले बराह भगवान्को शक्तिको प्रतीक बाराही देवीको आराधना स्तुति गरे। दुर्गा शप्तशक्तिको अध्याय ११ को श्लोक ११ मा भनिएअनुसार हातमा भयानक चक्र लिएकी दाह्रामाथि पृथ्वी नै उठाएकी बाराही रूप धारणा गरेकी कल्याणमयी नारायणीलाई नमस्कार छ भनी स्तुति गरिएकाले यहाँ बराह भनी पुरुष अवतारको रूपमा एकातिर मानिँदै आउने पारम्पारिक चलन रहँदै आयो भने अर्कोतिर साथसाथै बराहकै शक्तिकी प्रतीक वा देवीको रूपमा स्वीकारी बलि चढाई पूजाअर्चना गर्ने प्रचलन पनि सँगै बस्यो। त्यसैले ढोरबराह भनी पुरुषवाचक महात्म्य भएपनि बराहको शक्तिलाई 'बाराही' रूपमा मानिने भएकाले यहाँ काटमार गरी पूजा गर्ने प्रचलन चलेको हो (मिश्र, २०५७: ७५४)।

ढोरबाराही देवी मन्दिरको पूजा व्यवस्थापन समितिका भूतपूर्व सचिव तथा समाजसेवी ज्ञानबहादुर बानियाँ यस ढोरबाराही देवीको उत्पत्तिका बारेमा यसरी

बताउनुहुन्छ कि मधु कैटवलाई विष्णुले सुँगुरको रूपमा लिएर सुम्भ निसुम्भलाई जलमा मारेपछि यो चलखेल देवीको भनेर बराहबाट 'बाराही' भनिएको हो (बानिया, भेटवार्ता)। उहाँका अनुसार वि.सं. ११०० भन्दा अगाडि यो देवीको मन्दिर तनहूँ भिमादको भिमबाघमा रहेको थियो। त्यसलाई सेतीले फोरेर गएपछि तनहूँकै घारी, तालबेसी, दुलेगौंडा आदि ठाउँहरूमा देवी बसिन्। ती ठाउँहरूबाट पानी सकिँदै गएपछि यी देवी सती तहरो (जहाँ सती गएको ठाउँ पनि हो) मा बसेकी र पछि आएर ढोरफिर्दीको साउने डाँडामा रहेको किंवदन्ती रहेको बुझिन्छ। साउनेडाँडासम्म पूजा गर्न जाँदा श्रद्धालुहरू डुङ्गा प्रयोग गर्दथे भन्ने सुनेको उनी बताउँछन्। साउनेडाँडामा पनि पानीको अभाव देखिएपछि देवीको मन्दिर हालको मन्दिर रहेको ठाउँ ढोरफिर्दी गा.वि.स. वडा नं ७ बाजस्थला भन्ने ठाउँमा कहिले सारियो भन्ने यकिन प्रमाण पाइएको छैन तर त्यहाँ पानीको राम्रो प्रबन्ध भएको हुनाले यस ठाउँमा यस देवीको मन्दिर निर्माण गरी पूजाअर्चना गर्न थालिएको कुरा बानिया बताउँछन्। उहाँका अनुसार वि.सं. २०१९ मा साउनेडाँडामा विद्यालय बनाउँदा घण्टा र शंखका अवशेषहरू पर्याप्त प्राप्त भएका थिए। यिनै घण्टा र शंखको अवशेषको आधारमा पहिला साउनेडाँडामा ढोरबाराही देवीको मन्दिर रहेको उहाँ दाबी गर्नुहुन्छ।

यसै गरी हालका वहालवाला पुजारी यस ढोरबाराही देवीको बारेमा यसरी वर्णन गर्छन् कि भगवान् विष्णु बराह अवतार लिएर जब समुद्रमा हाम फाल्नुभयो र पृथ्वीको उद्धार पनि गर्नुभयो त्यतिबेला देवी बराहको उत्पत्ति भएको र त्यतिबेलादेखि नै भगवान् विष्णुको एक अवतार बराह अर्थात् र यसलाई पछि बाराही भनी पुजिँदै आएको कुरा व्यक्त गर्छन्। वर्तमानमा ढोरबाराही देवीको पूजा तथा निर्माण विकास समितिका अध्यक्ष रामराजा महत तथा उपाध्यक्ष रामबहादुर महतले पनि यस्तै कुरा व्यक्त गर्छन्। विष्णु भगवान् र पानीको सम्मिश्रण रहेको बराह अवतार भन्नाले सुँगुर रूप रहेको उसलाई पनि पानीको आवश्यकता हुने हुँदा यो देवीलाई यही अति उत्तम स्थान भएकोले यस स्थानमा ढोरबाराही देवीको उत्पत्ति तथा स्थापना भएको हुनसक्ने अनुमान उहाँहरूको रहेको छ।

यस ढोरबाराही देवी र यहाँ रहेको अनौठो पोखरीको बारेमा विभिन्न

किंवदन्तीहरू चलिआएको पाइन्छ। यहाँको अनौठो खालको कुण्ड र मुहानलाई जाल्पादेवी एवं बाराहीको रूपमा मान्ने परम्परा भएकाले यही विश्वास र परम्पराअनुसार लहरी चल्ने पानीको मूल भएको अनौठो प्रकृतिको स्रोतलाई बाराही र ढोर राज्यमा अवस्थित भएको हुनाले ढोरबाराही भनिएको हो भन्ने किंवदन्ती पनि चलिआएको छ (गुरुङ, २०६१:१३३) ।

करिब ३५ रोपनी क्षेत्रफलमा फैलिएको ढोरबाराही मन्दिरमा सम्वत ९६७ सालको घण्टा फेला पारिनुले पनि यो मन्दिरको ऐतिहासिकताको बारेमा अनुमान गर्ने आधार प्राप्त भएको छ। उक्त घण्टाको आधा भाग अर्थात तल्लो भाग मात्र रहेको छ। माथिल्लो भाग प्राप्त भएको छैन। यसैले पनि यस घण्टाको विशेष संरक्षण गर्न जरुरी देखिन्छ किनभने यो घण्टा एक मात्र यस मन्दिरको सबभन्दा पुरानो अभिलेख सामग्री हो। विभिन्न प्रकारका बोटविरुवा र लहराहरूले सजिएको यो स्थान प्राकृतिक रूपमा साँच्चीकै सुन्दर र लोभलाग्दो देखिन्छ। विश्वमै दुर्लभ र लोप हुने अवस्थामा रहेका औषधीय गुणले भरिपूर्ण विभिन्न प्रकारका जडीबुडीहरू प्रशस्त मात्रामा पाइने यस क्षेत्रको जङ्गलमा घण्टेकीराले चौबीसै घण्टा आवाज निकालेर यहाँको वातावरणलाई थप रोचक बनाएको भान हुन्छ।

विशाल जङ्गलको छेउमा निकै ठूलो पहराको आडमा प्यागोडा शैलीमा निर्मित तामाको छाना भएको, १५ फिट उचाइ भएको ढोरबाराहीको मन्दिर छ (अवलोकनबाट प्राप्त जानकारी)। उक्त मन्दिरमा तेलीय इँटाका भित्ताहरू, तामाको छाना, फलामको चेनगेट राखिएको छ भने मन्दिरको दुवैतर्फ देवीको वाहन र शेषनागको मूर्ति स्थापना गरिएको छ। मन्दिर पुगेपछि त्यहाँ बस्ने राम्रो प्रबन्ध मिलाइएको छ साथै मन्दिरको पश्चिमतर्फ झण्डै २०|३० फिट साइजको पक्की पौवा रहेको छ। उक्त मन्दिरमा निकै वर्ष अगाडिदेखि अर्थात् संवत ९६७ सालदेखि चढाइएका विभिन्न आकारका घण्टाहरू सजाएर राखिएका छन् (स्थलगत अध्ययनबाट प्राप्त जानकारी)।

यस मन्दिरमा कुखुराको बलि दिने चलन छैन। बलि दिने भेडा-बाख्राका पाठापाठी कम्तीमा ७२ दिन भएको हुनुपर्ने मान्यता छ भने हाँस परेवा उड्न सक्ने हुनुपर्छ। यस मन्दिरभित्र ढोरबाराही देवीको मूर्तिसँगै पाञ्चायन देवताहरू पनि

राखिएका छन्। मारकाट गर्न नचाहनेहरूले बाराही देवीलाई फूलपत्र, नरिवललगायतका वस्तुहरू चढाएर पनि पूजा गर्ने गर्दछन् (पुजारी, भेटवार्ता)।

यस मन्दिरमा चलनअनुसार श्रावण महिनामा बोलबम अर्थात् शिवजीलाई कुण्डमा नुहाई पानी चढाइन्छ। यहाँ एकादशी, औंसी, रामनवमी, शिवरात्री, बुद्धपूर्णिमा, कृष्ण जन्माष्टमी, तीज र तीजको पञ्चमीमा काटमार गरिँदैन। यहाँ प्रत्येक शनिबार, पञ्चमी, पूर्णिमा, तृतीय, सप्तमी, अष्टमी र बिदाको दिन बढी भिडभाडका साथ भक्तजनहरूको घुइँचो लाग्दछ। दर्शनार्थीहरूको घुइँचो प्रायः सबै दिनहरूमा भइरहने यस ढोरबाराही देवीको दर्शन एवं पूजाअर्चनाका लागि उपर्युक्त विशेष रूपमा पूजा नचल्ने दिनबाहेक बाह्रै महिना यस क्षेत्रलाई खुल्ला गरिएको छ। यहाँ विशेष गरी चैते दशैं, ठूलो दशैं आदिमा पञ्चबलि दिने भक्तजनहरू बढी आउने गर्दछन्।

ढोरबाराही देवी मन्दिर क्षेत्रमा प्रवेश गरिसकेपछि यात्रुहरूले आराम गरी बस्ने ठाउँ नजिक मन्दिरकै सबैभन्दा ठूलो घण्टा (अनुमानित वजन ७० के.जी., जुन वि.सं. १९४३ मा चढाइएको) झुण्ड्याएर राखिएको छ। यो घण्टा नित्यकुमारी देवीले आफ्ना पूर्वजहरूका नाममा चढाएको पाइन्छ (स्थलगत अवलोकन)। यसै गरी यस मन्दिरमा करिब ३०००-४००० घण्टाहरू झुण्ड्याएर तथा थन्क्याएर राखिएको छ (स्थलगत अवलोकन)। यस मन्दिरमा पूजा तथा दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरूको एक प्रकारले भीड नै हुन्छ। फिर्दी फाँटको समतल क्षेत्रका साथै सामान्य उकालो चढ्दै गर्दा बाटोको किनारामा रहेका होटल, पसल, पौवा र चौतारीहरू पार गर्दै जाँदा होटल तथा अन्य व्यवसायीहरू मन्दिरमा आवश्यक पर्ने धुप, द्वीप, नैवेद्य, ध्वजा आदि पूजा सामग्रीहरूका साथ सेवा दिन प्रशन्न मुद्रामा तैनाथ रहेका देखिन्छन्। सम्वत् ९६७ लेखिएको एउटा घण्टा ढोरबाराही मन्दिरको उत्खनन् गर्दा २०५३ सालमा फेला परेको थियो (लम्साल, अन्तर्वार्ता)। उक्त घण्टा हाल पुजारी चिरञ्जीवी लम्सालको संरक्षणमा सुरक्षित अवस्थामा रहेको छ। देशमा छरिएर रहेका पुरातात्त्विक महत्त्वका मठमन्दिरहरूमध्ये एक ढोरबाराही मन्दिरलाई पनि मानिन्छ। ढोरबाराही मन्दिरमा रहेको एउटा मझौलाखाले घण्टामा शाके संवत् १८०८ भनी लेखिएको छ। ढोरबाराही मन्दिर धार्मिक तीर्थस्थल एवं आस्थाको केन्द्रका रूपमा मात्र नभई पर्यटकीय महत्त्वले

पनि उत्तिकै मनमोहक स्थल हो ।

वि.सं. २०४२ अगाडि ढोरबाराही देवीको मन्दिर खरले छाएको थियो र पुजारीले यस देवीको मूर्ति बेलुका घर लगी बिहान ल्याई पूजा गर्ने कुरा त्यतिबेलाका मन्दिर व्यवस्थापन समिति सचिव ज्ञानबहादुर बानियाँ बताउँछन् । तर पछि-पछि दर्शनार्थी पनि बढ्न थाले । मन्दिरमा चढाउने भेटीहरू बढ्यो, बलिको टाउको ठेक्का दिन थालेपछि मन्दिरको पनि आम्दानी बढ्यो र मन्दिरमा सत्तल, पाटी बनाउने काम भयो । २०४६ सालमा मन्दिरको गाह्रो इँटाले बनाइयो भने छाना ढलान गरियो साथै मन्दिरको ढोकामा चेनलगेट राखियो । २०५१ सालमा आएर यस मन्दिरमा तामाको छानो राखियो (ज्ञानबहादुर बानियाँ, अन्तर्वार्ता) । यसरी ढोरबाराही देवीको मन्दिर कच्चीबाट पक्की र कलात्मक तथा आकर्षक रूपमा निर्माण भएको पाइन्छ ।

## २.७ ढोरबाराही देवीप्रतिको जनविश्वास

देवदेवीप्रति विश्वस्त व्यक्तिहरू आफूलाई दुःख परेको अवस्थामा वा मनले कुनै विशेष आकाङ्क्षा राखेको अवस्थामा सो प्राप्तिका लागि देवदेवीप्रति भाकल गर्ने गर्दछन् । यस ढोरबाराही देवीको दर्शन गरेमा आफूले आँटेताकेको पुग्ने साथै विभिन्न भाकलहरू गर्ने र उक्त भाकल पुगेपछि स्वयम् देवीको दर्शन गर्न आउने चलन पाइन्छ । भगवान् अथवा देवदेवीलाई प्रायशः मनुष्यले आफूलाई दुःख कष्ट परेपछि मात्र स्मरण गर्ने हुँदा जब-जब मानवलाई विभिन्न दुःख कष्ट आई पर्छ अनि मात्र भाकल गर्ने र सोही अनुरूप बलि चढाउने पनि कैयौं मानिसहरू गर्दछन् ।

वास्तवमा जब मानिस प्राकृतिक अप्राकृतिक झमेलामा फस्छ अनि मात्र उसले भगवान् सम्झन्छ । अप्ठ्यारो अवस्थामा भाकल गरेको हुन्छ अनि उसलाई अनुकूल मिलेको बेलामा कुन जनावरबाट बलि चढाउने हो सोही लिएर बलि चढाउनका लागि देवदेवीको मन्दिरमा धाउँछ । मानिस यस प्रकारको स्वार्थले गाँजिएको छ । प्रत्येक धर्मको उत्पत्तिमा दैविक विश्वास, पवित्र कुराहरू, व्यक्तिगत विचारहरू, मृत्यु र मृत्युपछि गरिने संस्कारहरू अझै पनि ठूलो महत्वका साथ प्राय सबै समाजमा व्यापक छ ९ऋययनबल, द्दण्ण्घ० ।

ढोरबाराही देवीको पूजा अर्चना गरेमा बच्चाहरूमा नफुटेको बोली पनि प्रष्ट हुने, उमेर पुगेर पनि हिँड्न नसकेका बालबालिकाहरू पनि हिँड्न सफल हुने जनविश्वास रहेको छ। त्यसैले यस ढोरबाराही भगवतीको पूजाअर्चनाका लागि नेपालका विभिन्न कुना-कुनाबाट यहाँ आउने गरेको भेटिएको छ। ढोरबाराही देवीले पाल्तु वस्तुभाउहरूको रक्षा गर्ने तथा बगाल बढाउने भन्ने पनि जनविश्वास रहेको पाइन्छ। यसबाहेक देशविदेशमा भएका आफन्तजनको स्वास्थ्यलाभको कामना पनि श्रद्धालुहरूबाट गरेको पाइन्छ। यतिमात्र नभएर भारतको गोरखपुर, बनारस लगायत अन्य ठाउँहरूबाट पनि यहाँ आई यी देवीलाई चुरा, पोते, डोरी, पूजा पछ्यौरा, टीका आदि चढाउने गरेको पाइएको छ (धनबहादुर पुलामी, भेटवार्ता )।

मन्दिर परिसरमा जहिले पनि चोखो तथा राम्रो गर्नुपर्ने अर्थात् जुठोपिठो गरेमा नराम्रो हुने कुरा त्यहाँ पूजा गर्न पुगेका भक्तजनहरू व्यक्त गर्दछन्। यस देवीलाई एक शक्तिको रूपमा पनि चिनिने गरेको छ किनभने श्रद्धालुहरूले यदि शुद्ध मनले भगवतीसँग केही माग्ने हो भने सो कुराहरू पुग्ने जनविश्वास रहेको छ (दिनेश महत, भेटवार्ता)। स्वच्छ मनले देवीप्रति भक्तिभाव राख्दै आफ्नो भाकल वा माग राखेमा देवीले पूरा गराइदिन्छिन् भन्ने जनविश्वास रहेको छ।

यसै क्रममा एउटा उदाहरण रहेको छ। यहाँ एक जोडीले विवाह भएको १० वर्षसम्म पनि आफूहरूमा सन्तान नभएपछि उनीहरूले यस देवीको भाकल गरी रुद्री पाठ गराएछन्। त्यसको ठीक १० महिनापछि उनीहरूले जुम्ल्याहा सन्तान प्राप्त गर्न सफल भए जसको नाम 'मन्त्र' र 'तोत्र' राखिएको भन्ने कुरा यहाँका बुढापाकाहरूको मनमस्तिष्कमा अझै ताजा रहेको पाइन्छ (ज्ञानबहादुर बानिया, भेटवार्ता)।

यसै गरी बाराही भगवती देवीको पनि आफ्नै किसिमको धार्मिक मान्यता रहेको छ। यहाँ भक्तजनहरूले कष्ट, आपत्, विपत् परेपछि भाकल गर्ने तथा विभिन्न मनोकामनाहरू देवीसमक्ष प्रस्तुत गर्ने र त्यसक्रममा कहिले आफ्नो भाकल पूरा नहुँदै त कहिले भाकल पूरा भएपछि पञ्चबलि दिने, बलि दिने, परेवा उडाउने परम्परा धेरै पहिलादेखि नै रहँदै आएको छ। यसो हुँदा श्रद्धालुहरूको आफ्नो मनोकाङ्क्षा पूरा भएको वा उनीहरूले भाकल गरेको कुरा पूरा हुने भएकोले गर्दा नै देवीप्रति

जनविश्वास अझ बढ्दै गएको पाइन्छ ।

ढोरबाराही भगवतीप्रति जनविश्वास वृद्धि भएको कारण नै यहाँ पूजाअर्चना गर्न तिर्थालुहरू छिमेकी जिल्लाहरू स्याङ्जा, कास्की, लमजुङलगायत बागलुङ, काठमाडौं र नेपालका विभिन्न भागहरूबाट मात्र होइन भारतका विभिन्न स्थानहरू जस्तो बनारस, नौतनवा, लखनउ, गोरखपुर आदि ठाउँबाट पनि यस मन्दिरमा आई परम्पराअनुसार पूजा अर्चना गर्ने गरेको पाइन्छ (पुलामी, भेटवार्ता) । यी आधारहरूबाट ढोरबाराही देवीको प्रसिद्धि टाढाटाढासम्म पनि फैलिएको प्रष्ट हुन्छ ।

## २.८ ढोरबाराही लहरी

ढोरबाराही देवी मन्दिर परिसरमा रहेको सानो चारपाटे अर्थात् वर्गाकार रूपमा रहेको पोखरी अति नै चमत्कारी पोखरीका रूपमा मानिएको छ । पोखरीमा अचानक पानी बढ्ने र घट्ने प्रक्रिया निरन्तर भइरहनु यहाँको मुख्य आकर्षण हो । पोखरीमा वर्षायाममा १५ देखि ३० मिनेटमा र हिउँदमा ३० देखि ६० मिनेटमा छुट्ने पानीको सानो छाल 'लहरी' (लम्साल, अन्तर्वार्ता) नै यस मन्दिरको विशेष आकर्षण रहेको छ । यस लहरीबारे विभिन्न व्यक्तिका विभिन्न अभिव्यक्तिहरू पाइन्छन् ।

पोखरीमा छाल आउने क्रम अर्थात् लहरी पहाडभित्रबाट निस्कने गर्दछ । त्यस पहाडभित्र चारपाटे कुण्ड रहेको छ । जुन बाहिरबाट पनि हेर्न सकिने कुरा तत्कालीन उपप्रधानपञ्च, वयोवृद्ध ७८ वर्षीय रामनाथ भट्टराई भन्दछन् । भित्रको चारपाटे कुण्डमा पश्चिमतिरको कोखबाट जब पानीको मात्रा बढ्छ अनि बाहिर 'लहरी' को रूपमा आउने गर्दछ । वि.सं. २०४२ असार ११ गतेदेखि त्यस पोखरीमा आउने लहरी बन्द हुन पुग्यो र पछि सोही स्थानमा बराहपुराण लगाइयो । पुराण लगाएपछि २०४६ कार्तिकबाट पुनः लहरी छुट्न थाल्यो (शिव महत, भेटवार्ता) ।

चुन ढुङ्गाको पहराको फेदमा रहेको पानीको मूलबाट बेला-बेलामा साविकको भन्दा बढी पानीको छाल बगेर आउँछ र यसैलाई लहरी चलेको भनिन्छ । ढोर बाराहीको मन्दिरको मुख्य आकर्षण नै यही लहरी चल्नु हो । पोखराको ताल बाराहीमा बलि चढ्यो भने ढोर बाराहीमा लहरी चल्दछ भन्ने विश्वास छ (गुरुङ, २०६१:११२) ।

यसरी लहरी चल्नुको मुख्य कारण अघि भगवान् विष्णुले बराह अवतार धारण गरी पृथ्वीको उद्धार गर्न समुद्रमा हामफाल्दा त्यहाँबाट आएको छालको आवाज हो भन्ने भनाइ रहेको छ । पोखरीको देवता स्वरूप रहेको माछा (रजबाम) लाई कहिलेकाहीँ देख्न सकिन्छ तर अन्य पालिएका माछाहरू भने कुण्डमा सजिलै देखिने र उनीहरूलाई मार्न हुँदैन भन्ने विश्वास रहेको छ । यसै गरी यहाँ लहरी चलेको बेलाको पानीले हातमुख धुने र नुहाउने गर्नाले विभिन्न रोगबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास पनि रहेको छ । यस देवीमा भोग चढाएको बलिको प्रसाद लागू पदार्थसँग खान नहुने र पहिला पहिला भने नदीनाला, खोला तारेर लान नहुने, बाटोमै भोजभतेर गरेर खाने चलन भएको बताइन्छ तर पछि पछि यो चलन हट्दै गयो (भट्टराई, अन्तर्वार्ता) ।

ढोरबाराही मन्दिरमा लहरी छुट्ने जुन चमत्कार रहेको थियो त्यो २०६६ साल श्रावण २४ गतेबाट पूर्ण रूपमा बन्द भएको छ (लम्साल, अन्तर्वार्ता) । यो प्रक्रिया किन र कसरी बन्द भयो यो खोजकै विषय बनिरहेको छ । वर्षौंदेखि चल्दै आएको लहरी छुट्ने यो प्रक्रिया अचानक बन्द हुँदा यहाँको धार्मिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा समेत धक्का पर्न जाने त होइन भनी यहाँका स्थानीय बासिन्दाहरू चिन्तित रहेको पाइन्छ । यस मन्दिरमा वि.सं. १९७५ र वि.सं. २०४२ सालमा यसरी नै लहरी बन्द हुँदा बराह पुराण लगाई पुनः लहरी छुट्न गएको थियो र अब पनि बराह पुराण लगाई यस क्रमलाई निरन्तरता दिन सकिन्छ भन्नेमा यहाँका बासिन्दाहरू आशावादी छन् ।

ढोरबाराही कुण्डको बारेमा कुरा गर्दा रामनाथ भट्टराई भन्छन् कि २०४४ सालमा लहरी आउन बन्द भएको बेलामा १५-२० जना व्यक्तिहरूलाई बाहिर राखी उनी पानी निस्कने मूलबाट नै भित्र छिर्ने आँट गरे र सफल पनि भए । उनले एउटा हातमा धुप, अर्को हातमा फूलपाती र अछेता लिएर भित्र प्रवेश गरेका थिए । उनको भनाइअनुसार उनी दुई तहको सिढी झरे जहाँ उनले चारपाटे पोखरी भेटे जसमा सफा र स्वच्छ पानी थियो । उनी त्यहाँ सेतो सानो भन्दा सानो ढुङ्गाका टुक्राहरू र माथितिर पूरै खाली ओढारसमेत देखिएको बताउँछन् । उनी त्यसको उत्तरतर्फबाट

एकोहोरोरूपमा पानी झरिरहेको बताउँछन् । उनलाई जान जति सजिलो भएको थियो आउन धेरै गाह्रो भएको थियो । उनी करिब एक घण्टा भित्र रहँदा डरले चिच्याए । त्यसक्रममा बाहिर रहेका अन्य व्यक्तिहरूले अति सानो स्वर सुनेको बताएका थिए भनी उनी भन्दछन् । जब उनी बाहिर निस्कन सफल भए । त्यतिबेला उनी अति शिथिल र करिब करिब अचेत अवस्थामा रहेको उनी सम्झन्छन् । पछि उनलाई विभिन्न साथीहरूले अँगालोमा राखी तताउने काम गरे । त्यसको केही घण्टापछि मात्र उनी सामान्य स्थितिमा आए । त्यसभन्दा पहिला कोही भित्र पसेको थिएन र उनीभन्दा पछि अहिलेसम्मको रेकर्डअनुसार कोही यस कुण्डको भित्री मुलमा पस्ने आँट गरेको पनि भेटिएको छैन (भट्टराई, अन्तर्वार्ता) ।

ढोरबाराही देवीको मन्दिर चारैतर्फ हरियो वनजङ्गलले ढाकिएको एक ठूलो पहराको खोल्साको काखमा रहेको छ । पूर्वतर्फ फर्केको दुईतले उक्त मन्दिरको बायाँतर्फ पहराको ओढारबाट पानीको मुस्लो वा लहरी निस्केको छ र त्यसको अगाडि चारपाटे कुण्ड बनाइएको छ । यस कुण्डमा पनि तनहूँको अर्को चर्चित देवी छाब्दी बाराहीमा जस्तै प्रशस्त माछाहरू रहेका छन् । २०४२ साल कार्तिक १७ गते दशकत्ले माछाहरू यस पोखरी र पोखरीबाट निस्केको खोलामा छाडिएको थियो (ज्ञानबहादुर बानियाँ, अन्तर्वार्ता) । पोखरीको मुहानको ओढारमा मुख्य रजबाम रहेको छ यसलाई कसै कसैले त 'सुनटिकी रजबाम' भनेको पनि पाइन्छ किनकि यस रजबामको टाउकोमा सुनको जस्तो टीका रहेको छ भन्ने धेरै श्रद्धालुहरूको विश्वास छ । यसलाई कहिलेकाहीँ मात्र देख्न सकिन्छ । यहाँ पालिएका माछाहरूलाई मार्न हुँदैन भन्ने मान्यता छ किनकि यहाँ दैवी शक्तिको कारण लहरी छुट्ने गर्दछ अर्थात् भगवान् विष्णुले बराह अवतार लिई पृथ्वीको उद्धार गर्न समुद्रमा हाम फाल्दा त्यहाँबाट आएको छालको आवाजका रूपमा यहाँ चल्ने लहरीलाई लिने गरिएको हुनाले पनि यस्तो मान्यता रहेको हुनुपर्दछ ।

यस मन्दिरको ठीक उत्तर-पूर्व दिशामा १०|२० फिटको पोखरी मन्दिरसँगै जोडिएको छ । पोखरीको बीच भागमा ५|२ फिट आकारमा २ वटा शिलाहरू रहेका छन् । पोखरीको उत्तरतर्फ विशाल पहराबाट निस्केको पानी आउने ढुङ्गाबाट बनाएको

१.५ |१.५ फिट आकारको द्वार रहेको छ। यस ढोरबाराही मन्दिर परिसरमा अझै अर्को रोचक पक्ष समेत गाँसिएको छ। माछाहरूको पनि राजा एवं मत्स्य अवतारको प्रतीक तथा विश्व वन्यजन्तु विभागले समेत दुर्लभ जलचरको परिभाषाभित्र राखेको ‘रजाबाम’ यहाँ देख्न पाइन्छ। सोही पोखरीमा बलि चढाइन्छ। यसरी बलि चढाइँदा रगत खान यी वामहरू आतुर देखिन्छन्। सबभन्दा लामो बाम ४-५ फिट लामो छ भने मोटाइ १ फिट छ। बाखाका पाठापाठी कुण्डको शिलामाथि राखेर भोग दिइन्छ र राँगा र भेडा कुण्डबाहिर केही तल रहेको अर्को ठाउँमा भोग दिइन्छ भने हाँसलाई पोखरीमा छोडिन्छ र परेवालाई उडाइन्छ (अवलोकनबाट प्राप्त जानकारी)।

स्थानीय बासिन्दा खेमनारायण काफ्ले भन्दछन्- कुनै बेला यस मन्दिरको परिसरमा चार केटाहरू र दुई केटीहरूले हातमा रक्सीसहित मन्दिरको पोखरी नजिक रक्सी छेपाछेप गरी खाए जसको छिट्टा तल मन्दिरमा पऱ्यो। तिनीहरूको यस कार्यले गर्दा पोखरीको लहरी निस्कने ठाउँमा चिरा पऱ्यो र एक डरलाग्दो ठूलो सर्प निस्कियो। त्यसले मन्दिर र पोखरीलाई दाहिने पारेर घुमी पोखरीको नल खोली पूर्णरूपमा सफा गरेको थियो (काफ्ले, अन्तर्वार्ता)।

यहाँ चुन ढुङ्गाको पहराको फेदबाट पानीको मूल निस्कन्छ। मूलसँगै एउटा सानो पोखरी छ। पोखरीको बीचमा एउटा लामो र एउटा चारपाटे आकारका दुईवटा शिला छन्। यसमध्ये चारपाटे शिलामाथि बोका, पाठाको बलि चढाइन्छ। यहाँ चढाइएको बलिको शरीर पानीमा नखसेर उक्त चारपाटे ढुङ्गामा नै अडियो भने शुभ लक्षण मानिन्छ। यसैगरी बलि चढाएपछि लहरी चल्यो भने अझ राम्रो सगुन मानिन्छ। यसरी यहाँ बलि चढाउने र लहरी छुट्ने प्रक्रियासँग पनि अनेकौं विश्वास भक्तजनहरूमा रहेको पाइन्छ।

## २.९ ढोरबाराही देवीको सांस्कृतिक महत्व

भनिन्छ, जब बराह भगवान पृथ्वीमा अवतरित हुनुभयो तब मनु आदि सम्पूर्णले बराह भगवान्को शक्तिकी प्रतीक बाराही देवीको आराधना स्तुति गरे। दुर्गा शप्तशतीको अध्याय ११ को श्लोक ११ मा भनिए अनुसार हातमा भयानक चक्र

लिएकी दाह्रामाथि पृथ्वी नै उठाएकी बाराही रूप धारणा गरेकी कल्याणमयी नारायणीलाई नमस्कार छ भनी स्तुति गरिएकोले यहाँ बराह भनी पुरुष अवतारको रूपमा एकातिर मानिदै आएको पारम्परिक चलन रहँदै आयो भने अर्कातिर बराहकै शक्तिकी प्रतीकको रूपमा बाराही देवीलाई स्वीकारी बलि चढाई पूजाअर्चना गर्ने प्रचलन पनि सँगै बस्यो। त्यसैले ढोरबराह भनी पुरुषवाचक महात्म्य भए पनि बराहको शक्तिको प्रतीकलाई बाराहीको रूपमा मानिने भएकोले यहाँ काटमार गरी पूजा गर्ने चलन चलेको हो। यहाँ वि.सं. १९७२ देखि ब्राह्मण जातिका पुजारीले पूजा गर्ने चलन थालिएको हो (मिश्र, २०५७:७५५)।

हिन्दू धर्म तथा संस्कृति सँगसँगै हुर्किंदै, गाँसिदै आइरहेका यी आराध्य देवीदेवताहरूप्रति श्रद्धा भक्तिपूर्वक परस्परमा भक्ति भावना एवं लोकप्रियता बढाउँदै लैजानु समस्त हिन्दूहरूको कर्तव्य पनि हो। नेपालका मौलिक परम्परा एवं मौलिक विशेषताहरू पूर्वजहरूले सिर्जेका कलाकृतिहरू नेपालका सांस्कृतिक सम्पदाहरू हुन्। यस्ता सांस्कृतिक सम्पदाहरू नेपालको पहिचानका रूपमा रही आएका छन्। नेपालको राष्ट्रियतामा यी सांस्कृतिक सम्पदाहरूले विश्वसामु पहिचान गराउन सहयोग पुऱ्याएका छन्। यसै गरी यस ढोरबाराही देवीको मन्दिर परिसरभित्र रहेका मन्दिर, पाटीपौवा, होमनगृह, ढोरबाराही पूजाआजा तथा विश्वास आदि यस क्षेत्रका सांस्कृतिक महत्त्वका वस्तु तथा सम्पदाहरू मानिन्छन् जसको आफ्नै विशिष्ट सांस्कृतिक महत्त्व रहेको छ।

# अध्याय : तीन

# ढोरबाराही देवीको पूजाविधि तथा व्यवस्थापन

## ३.१ ढोरबाराहीको पूजाविधि

हिन्दू धर्मावलम्वीहरू बीच देवीको महिमा छुट्टै प्रकारको पाइन्छ। देवीलाई भोग खाने देउता, शक्ति प्रदान गर्ने साक्षात् देवी पनि भन्ने गरिन्छ। यस बारे जनमानसमा एउटा किंवदन्ती पनि रहेको पाइन्छ- श्री स्वस्थानीमा दक्षप्रजापतिको यज्ञ विध्वंस गर्न जटायु पछारी आराधना गरी देवीको उत्पत्ति गराएकाले मानवजातिको रक्षकका रूपमा पनि देवीलाई लिने गरिन्छ। त्यसैले देवीको मन्दिरमा भाकल गर्ने जनविश्वास पाइन्छ।

ढोरबाराही देवी मन्दिरको प्रमुख देवता भन्नुनै ढोरबाराही देवी हुन्। यसका अलावा यहाँ पाञ्चायानका मूर्तिहरू पनि रहेका छन्। मन्दिरको दाहिनेतर्फ छेवैमा शेषनागको मूर्ति रहेको छ। यस मन्दिरमा आउनाको मुख्य उद्देश्य देवीको पूजा आराधना गर्नुनै हो। ढोरबाराही देवीलाई साक्षात् शक्तिकी प्रतिमूर्ति 'देवी' भन्ने गरिन्छ। यी देवीको दैवी शक्तिले गर्दा आजसम्म यस मन्दिरको वरिपरिको क्षेत्रले प्राकृतिक प्रकोपको विपत्ति व्यहोर्नु परेको छैन भन्ने जनविश्वास छ (शिवशंकर बानिया, भेटवार्ता)। यस देवीको भाकल गर्नाले आफ्नो उद्देश्य पूरा हुने विश्वास धेरै मानिसहरूमा रहेको पाइन्छ। यहाँ मन्दिर वरिपरिका रुखहरूमा लामा-लामा लहरा हुनुको मुख्य कारण यस क्षेत्रमा शेषनागको बास रहेको हुनाले हो भन्ने किंवदन्ती पनि पाइन्छ (काफ्ले, भेटवार्ता)।

ढोरबाराही देवीको मन्दिरमा रहेका पुराना दुईवटा घण्टाको पनि आफ्नै विशेषता रहेको छ। मन्दिरको उत्खनन कार्य गर्दा जमिनमुनिबाट निस्केकाले सो घण्टा देवीकै एक शक्तिको रूप हो भन्ने विश्वास मानिन्छ। त्यो घण्टा बजाउँदा देवी ब्युँझिन गई मनोकामना पूरा हुन्छ भन्ने विश्वास पनि रहेको छ। घण्टालाई देवीको औजारका रूपमा मानिएकाले भक्तजनहरूले घण्टा चढाउने गर्दछन्। देवदेवीका मान्दिरमा घण्टा चढाउनाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ। मन्दिरको प्रवेशद्वारदेखि मन्दिरसम्मको दोहोरो बारमा घण्टाहरू झुण्ड्याएर राखिएका

छन् भने अन्य घण्टाहरू पूर्वपट्टि रहेको पाटीको एक कुनामा थुपारेर राखिएका छन् ।

ढोरबाराही देवीको मन्दिरमा तोकिएका केही दिनहरूबाहेक वर्षभरि नै नित्यपूजाका साथै वार्षिक रूपमा विविध चाडपर्वहरूमा विभिन्न किसिमले पूजाआजा समेत गर्ने चलन रहेको पाइन्छ। यहाँ पूजाआजा सञ्चालन गर्न तथा मन्दिरको आयस्रोतका लागि केही जमिन गुठी राखिएको पनि पाइन्छ ।

३.१.१ नित्यपूजा तथा बलिपूजा

ढोरबाराही देवीको पूजा नित्यरूपमा अर्थात् दिनहुँ नै सञ्चालन हुने व्यवस्था छ। नित्य पूजा सञ्चालन एक ब्राह्मण पुजारीद्वारा गरिन्छ। ढोरबाराही पूजा सञ्चालन तथा निर्माण व्यवस्थापन समितिले मन्दिर क्षेत्रमा विभिन्न योजनाहरू तयार गरी कार्य सञ्चालन पनि गर्दै आएको छ। यस मन्दिरमा हरेक वर्षको श्रावण महिना पुरै अवधि (बोलवमको महिना अर्थात् शिवजीको महिना) र अन्य महिनाको एकादशी र औंसी तिथिमा सामान्य पूजा हुने तर बलि चढाउने कार्य भने हुँदैन। यस्तै गरी कृष्ण जन्माष्टमी, हरितालिका (तीज), ऋषिपञ्चमी, महाशिवरात्री, रामनवमी र बुद्धपूर्णिमाका दिन पनि बलि चढाएर पूजा गर्ने चलन छैन (ढोरबाराहीको पाटीमा लिखित सूचना)। अन्य दिनहरूमा भने बिहान ८:३० बजे देखि दिउसो १ बजेसम्म पूजा सञ्चालन हुन्छ। पञ्चबलि दिने बेलामा बाहेक अरू दिन खासै ठूलो भिडभाड नहुने कुरा ढोरबाराही विकास निर्माण र संरक्षण समितिका ठेकेदार हर्कबहादुर महत बताउँछन् ( महत, भेटवार्ता)। सामान्यतया ३०-४० वटा बलि भने बलिपूजा हुने दिन बलि चढायने गरेको पाइन्छ। बोका तथा पाठीलाई पोखरीभित्र बलि दिएर पूजा गरिन्छ। परेवा र हाँस शिलामा चढाई उडाइन्छ वा छोडिन्छ। पूजा सकिएपछि पुजारीद्वारा टीका, धजा तथा नैवेद्य प्रदान गर्ने चलन छ (लम्साल, भेटवार्ता)। यस ढोरबाराही देवीको मन्दिरमा सबै जातजातिका मानिसहरूले सहज रूपमा पूजाआजा गर्न सक्नेछन् (कार्की, २०६७:२)

ढोरबाराही देवीलाई भक्तजनले बलि चढाइसकेपछि पाठा-पाठीको टाउको सम्बन्धित व्यक्तिले चाहेमा रु. १५०/- तिरेर लैजान पाइन्छ। सम्बन्धित व्यक्तिले मूल्य बुझाई लैजान नचाहेमा भने ठेकेदारले सोही मूल्यमा अन्य इच्छुक व्यक्तिलाई

बिक्री गर्ने नियम पूजा सञ्चालन तथा निर्माण व्यवस्था समितिबाट कायम गरिएको छ। यसै गरी बलि चढाइएको पाठो वा पाठीलाई त्यहीँ मन्दिरको नजिकै पूर्ण रूपमा सफा गराउन चाहने भक्तजनहरूलाई सोबापत रु. १००।- लिई सफा गरिदिने व्यवस्था पनि रहेको छ। यसले भक्तजनहरूलाई सजिलो बनाएको छ। यसबाट प्राप्त हुने रकम ढोरबाराही मन्दिरको आम्दानीको स्रोतका रूपमा रहेको छ। प्राप्त रकम कोषमा जम्मा गरी मन्दिर क्षेत्रको सरसफाई, संरक्षण, बाटो, पुल, पौवा निर्माण आदि कार्यमा खर्च गरिन्छ। यो कार्य वार्षिक रूपमा बढीबढाउको पद्धतिद्वारा कुनै ठेकेदारलाई जिम्मा लगाइन्छ। यस आर्थिक वर्षको बलिको टाउकाको ठेक्काबाट व्यवस्थापन समितिलाई ११,८५,०००।- प्राप्त भएको छ (रामराजा महत, अन्तर्वार्ता)। एउटा टाउकाको मूल्य रु. १५०।- कायम गरी यति ठूलो रकम व्यवस्थापनलाई बुझाई टाउकाको ठेक्का लिनाले त्यो रकमको व्याज, ठेकेदारको पारिश्रमिक, बोका, पाठापाठी आदि काट्ने र सफा गर्ने व्यक्तिको पारिश्रमिकका साथै पानी तताउनका लागि दाउरा आदि व्यवस्थापन खर्चसमेत व्यवस्थापन गर्नुपर्ने हुँदा यस मन्दिरमा कति बलि चढाइँदो रहेछ र देवीप्रतिको जनविश्वास कस्तो रहेछ भन्ने स्वतः अनुमान गर्न सकिन्छ।

### ३.१.२ पूजा सामग्री

ढोरबाराही देवीको नित्य पूजा गर्दा आवश्यक सामग्रीहरूमा जल, केशरी, सिम्रिक, धूप दीप, नैवेद्य, बेलपत्र, चन्दन, अक्षता, जौ, तिल धतुरोको फूल र भए बेलीपुष्प आदि प्रमुख मानिन्छन्।

### ३.१.३ नित्य पूजा गर्ने पुजारीहरू

यस मन्दिरमा वि.सं. १९७२ देखि हालसम्म ब्राह्मण पुजारीहरूबाट नित्य पूजा हुँदै आएको छ। यस मन्दिरका पुजारीहरू निम्नानुसारको अवधिमा कार्यरत रहेका पाइन्छन् :

१) प्रमानन्द ढुङ्गाना (वि.सं. २०२९ सम्म)

२) घनश्याम लम्साल (वि.सं. २०२९-२०५५ सम्म)

३) चिरञ्जीवी लम्साल (वि.सं. २०५५ देखि हालसम्म) (लम्साल, भेटवार्ता)।

### ३.१.४ विशेष पूजा

ढोरबाराहीमा नित्य पूजा दैनिक बिहान र साँझ विधिवत्रूपले गरिन्छ । नित्य नैमित्य पूजा गर्न पुजारी एवं गुठी समेत व्यवस्था भएको छ । दैनिक नित्य पूजाको अतिरिक्त यहाँ दशैंको नवदुर्गा, दशैं, शिवरात्रि र अन्य विशेष दिनहरूमा विशेष पूजा गरिन्छ । घटस्थापनादेखि नवमीसम्म नित्यपूजाका अतिरिक्त चण्डीपाठ पनि गरिन्छ । तर यहाँ बलिपूजा अनिवार्य छैन । श्रद्धालुहरू अर्थात् बलि दिन चाहनेहरूले बलि चढाउन चाहेमा बलि दिइने गरिन्छ । यहाँ सबभन्दा प्रचलित विशेषपूजा चाहिँ पञ्चबलि हो । यहाँ वर्षमा ३० देखि ५० वटा सम्म पञ्चबलि दिइएको पाइन्छ । पञ्चबलिमा बोका, पाठा, पाठी, भेडा र राँगाको बलि दिइन्छ । हाँस र परेवालाई उडाउने गरिन्छ भने अर्को अचम्मको कुरा यहाँ कुखुराको भने बलि दिने चलन छैन । मारकाट गर्न नचाहने श्रद्धालुहरूले फूलपाती, नरिवल, अक्षतालगायतका वस्तुहरू चढाएर पूजा गर्ने गर्दछन् (पुजारी चिरञ्जीवी लम्साल तथा ठेकेदार हर्कबहादुर महतसँग भएको साक्षात्कारबाट प्राप्त जानकारी) ।

यस ढोरबाराही देवी मन्दिरमा परम्परागत चलनअनुसार श्रावण महिनामा शिवजीलाई कुण्डमा नुहाई पानी चढाइन्छ । यस्तै गरी एकादशी, औंसी, रामनवमी, औंसी, बुद्धपूर्णिमा, कृष्णजन्माष्टमी, तीज र ऋषिपञ्चमीमा नित्य पूजाआजा गरिन्छ तर बलि भने चढाइँदैन (लम्साल, भेटवार्ता) । यसरी यहाँ पूजाआजाका सन्दर्भमा यस प्रकारको प्रचलन रहेको पाइन्छ ।

## ३.२. मन्दिरको कला तथा वास्तुकला

गाईवस्तु बस्ने ठाउँलाई गोठ भनिन्छ, मौरी बस्ने घरलाई घार, मानिस बस्ने ठाउँलाई घर भनिएझैं भगवान् बस्ने स्थानलाई मन्दिर भनिन्छ । घर, मन्दिर आदि निर्माणका क्रममा कलाकारले आफ्नो कलाकारिता देखाई त्यसलाई राम्रो बनाई सजाउने कामलाई वास्तुकला भनिन्छ ।

व्यक्तिले आफ्नो भित्री आस्थाका साथ पूजा गर्ने देवताका बासस्थान मानिने मन्दिरहरूमा भक्ति, पूजा र प्रदक्षिणापथका प्रयोजनलाई पूरा गर्ने उद्देश्यबाट मन्दिरमा

अनुपम वास्तुकलाका नमूनाहरू राखिएका देखिन्छन् । यस्तो प्रयोजनका लागि विभिन्न शैलीका मन्दिरहरू निर्माण गर्ने गरेको पाइन्छ, जसमध्ये नेपालमा प्रचलनमा रहेको प्रमुख शैलीमा तले या प्यागोडा शैली र शिखर शैलीका मन्दिरहरू मुख्य पाइन्छन् । तले शैलीमा एकपछि अर्को तह तह परेका छानाहरू बनाइएका हुन्छन् । तले शैलीको मन्दिरमा छाना अड्याउन विभिन्न तोरण र टुँडालको आवश्यकता रहन्छ । यो शैली विशेष गरेर कोरिया, जापान, चीन, थाइल्याण्ड, वर्मा आदि देशमा प्रयोग भएको पाइन्छ । हिन्दूहरूले पूजा-उपासना गर्न कुलदेवता, गृहदेवता, ग्रामदेवता राखेर पूजा गर्ने चलन वैदिक युगदेखि नै भएको हो र त्यसै समयदेखि नै तले शैलीको वास्तुकला पनि सुरुआत भएको मान्न सकिन्छ । तर पनि यसलाई विशेष कलात्मक भने बनाइएको छैन ।

वास्तुकलाको ठोस प्रमाण इशापूर्व तेश्रो शताब्दीतिर सम्राट अशोकले स्तूप वास्तुकलाको सुरुआत गरेपछि अर्थात् पत्थर काटेर निर्माण गरिएपछि त्यहींबाट मन्दिर वास्तुकलाको पनि निर्माण भएको मानिन्छ (शाक्य: २०६३:२७६) ।

प्रारम्भिक युगका मन्दिरहरूका वास्तुकला सादा छन् जसमा ज्यादा अलङ्कारको प्रयोग गरिएको पाइँदैन । बिस्तारै मानिसले आफ्नो विचार पनि फराकिलो पार्दै गयो र भगवान् आकाश र स्वर्गमा बस्छन् भन्ने भावनाले मन्दिरहरू पनि अग्ला बन्न थाले (खत्री, २०५५:१४६) । भक्तजन, राजा, ठूला व्यक्ति पनि यस्ता मन्दिरहरू बनाउने होडमा लाग्न थाले । यसरी मन्दिरलाई विभिन्न तवरबाट निर्माण गर्न थालियो । जस्तैः मन्दिरमा टुँडाल, तोरण, छानाको माथि टुप्पोमा गजुर र गजुरलाई पनि विभिन्न प्रकारबाट सजाउन थालियो । मन्दिरको छानाको चारैतिर घण्टपात भएको मन्दिरमा छाना अड्याउन बनाइएको टुँडाललाई सादा नछोडी त्यसलाई आकर्षक देखाउन विभिन्न नारीमूर्ति, पातका लहरा, कामुक चित्रहरू बनाई मन्दिरलाई सजीवता प्रदान समेत गर्ने गरिएको पाइन्छ । मन्दिरको खम्बालाई पनि सादा नछोडी त्यसमा पनि विभिन्न चित्रहरू चित्रण गरिएको पाइन्छ (पुराना मन्दिरहरूको दृश्यावलोकनबाट पाप्त जानकारी) । पशुपतिनाथ, स्वयंभूनाथ, पाटनको कृष्ण मन्दिर आदि यसका उदाहरणहरू हुन् जो सहजताका साथ दृश्यावलोकन गर्न सकिन्छ ।

ढोरबाराही मन्दिरको कला तथा निर्माणको कुरा गर्दा यो मन्दिर एक चट्टानमाथि तेलीय इँट्टाद्वारा सादा किसिमको तामाको छाना भएको प्यागोडा शैलीको मन्दिर हो। यस मन्दिरमा पनि प्रशस्त मात्रामा टुँडालहरूको प्रयोग गरिएको छ। यहाँ श्रावण महिनामा बाहेक अन्य महिनाहरूमा सधैं पञ्चबलि चढाउने हुनाले ध्वजा, फूलपाती तथा तोरणले जहिले पनि बेहुलीझैं सिँगारिएको देख्न सकिन्छ र मन्दिरको शिरमा सुनौलो गजुर राखिएको छ।

## ३.३ ढोरबाराहीसँग सम्बन्धित गुठी व्यवस्था

ढोरबाराही देवीको पूजाआजा सञ्चालनार्थ गुठी व्यवस्था रहेको छ। यस मन्दिरको नियमावली अनुसार वि.सं. १९९० सालदेखिनै एक रूपैया सलामी समेत एक सय बयालीस रूपैयाँ नघटाई तत्कालीन सरकारलाई ठेक्का बुझाउने चलन भएको पाइन्छ। हाल प्रत्येक वर्षका लागि रकम बढिबढाउ प्रक्रियामार्फत एक जना ठेकेदार नियुक्ति गरिने परम्परा छ। भक्तजनहरूले पाठापाठी बलि दिइसकेपछि त्यसको टाउको ठेकेदारलाई बुझाउनुपर्दछ भने अन्य भाग भाकलकर्तालाई नै दिइन्छ। यदि भाकलकर्ताले ल्याएको बलि दिने पाठाको टाउको आफै लैजान चाहेको खण्डमा हाल तोकिएको रु. १५०।- तिरेर ठेकदार मार्फत प्राप्त गर्न सकिन्छ। पुजारीको पारिश्रमिकको सन्दर्भमा भने दान गरिएका सामग्री दाल, चामल तथा मन्दिरमा चढाइएको भेटी मात्र रहेको छ (पुजारी लम्साल, अन्तर्वार्ता; रामबहादुर महत, अन्तर्वार्ता)। यसरी चढाइएका सम्पूर्ण सामग्रीहरू पुजारीको पारिश्रमिकका रूपमा लिइन्छ। मन्दिरको प्रमुख आयस्रोत ठेकेदारबाट प्राप्त हुने रकम नै हो। सोही रकमबाट मन्दिर, बाटो, पाटीपौवा, पुल, खानेपानी, शौचालय आदिको निर्माण तथा मर्मत-संभार गर्ने गरिन्छ।

जहाँसम्म गुठी जमिनको सन्दर्भ छ, यस ढोरबाराही देवीको मन्दिरको गुठीमा ५०-५२ रोपनी धान खेत रहेको र त्यसबाट पूजा सञ्चालानार्थ पुजारीलाई प्रत्येक वर्ष ६ मुरी धान प्राप्त हुने गर्दथ्यो। तर २०४६ सालपछि उक्त गुठी जग्गा रैकरमा परिणत भएको र हाल आएर ढोरबाराही गुठी करिब १२ रोपनी मात्र पाखोबारी रहेको छ। त्यसलाई फूलबारीको रूपमा लिइने गरिएको छ। उक्त जग्गा पुजारीले नै भोगचलन

गर्दै आएका छन् (लम्साल, भेटवार्ता)। मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरूले भने कुनै पारिश्रमिक वा भत्ता नलिई शुद्ध सामाजिक सेवा गरेको पाइन्छ।

कतिपय मन्दिरसँग सम्बन्धित चाडपर्व, पूजा, सांस्कृतिक कार्यक्रम सम्पन्न गर्न प्राय मन्दिरहरूमा गुठीको व्यवस्था गरिएको हुन्छ जसले गुठीयारहरूसँग बेलाबेलामा मन्दिरहरूमा गरिने यस्ता चाडपर्व, सांस्कृतिक महोत्सव या कुनै गुठीभित्रकै मानिसलाई आपतविपत परेको बेला यस्ता गुठीहरूले ठूलो मद्दत गर्दछन् र ठूला पर्वपूजा सबै रमाइलोसँग विना समस्या समाधान गर्न पनि गुठीहरू खडा गरिएका हुन्छन्।

ढोरबाराही देवीको गुठी रकमबाट यहाँको नित्यपूजा, वार्षिक पूजा, चाडपर्वलगायत ढोरबाराही देवीको मन्दिरको बिग्रिएका, भत्किएका, चर्किएका भागहरूको जीर्णोद्धार गर्ने काम भएको छ। यी कामहरूमा व्यवस्थापन समितिमार्फत पुरातत्त्व विभागको समेत सहयोग लिई ढोरबाराही देवीको मन्दिर व्यवस्थापनलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ। त्यस्तै कतिपय पाटी र मन्दिरको बिग्रिए-भत्किएको भाग यस गुठी रकमबाट जीर्णोद्धार गर्ने काम गरेको छ। हाल आएर यस मन्दिर परिसरमा कम्पाउण्ड लगाउने सोच रहेको छ। यसरी ढोरबाराही गुठी रकमबाट ढोरबाराही देवी मन्दिर तथा पाटीहरू व्यवस्थापनका लागि सहयोग पुगेको छ। गुठीमा जम्मा हुने रकमको प्रमुख स्रोत ठेकेदारबाट प्राप्त हुने रकम नै हो। यही नै ढोरबाराहीको प्रमुख आयस्रोत तथा 'नगद गुठी' हो।

## ३.४ ढोरबाराही देवीको मन्दिर परिसरमा रहेका विविध सम्पदा

### ३.४.१ पाटी पौवा

विशेष महत्त्वका देवी-देवताका मन्दिरहरूका आसपासमा पाटी-पौवाहरू बनाउने चलन परापूर्वकालदेखि नै रहँदै आएको पाइन्छ। ढोरबाराही देवीको मन्दिरसँगै जोडिएको झण्डै १२|३६ फिट साईजको एक पक्की पौवा रहेको छ। त्यहाँ देवीको मन्दिरमा चढाइएका सयौं घण्टाहरू थुपारेर राखिएको छ।

ढोरबाराही देवीको मन्दिर प्राङ्गणको वरिपरि अन्य पाटीहरू पनि रहेका छन्। यी पाटीहरूले गर्दा मन्दिरको संरक्षणमा पनि सहयोग भएको छ। ढोरबाराही देवीको

मन्दिरमा विशेष पूजाआजा हुँदा, विवाह-ब्रतबन्धजस्ता ठूला कार्य गर्दा यस मन्दिर परिसरमा रहेका पाटीहरूमा बसी पूजासामग्री ठीक गर्ने, भोजभतेर खुवाउने आदि कामहरू गरिन्छ। वृद्धवृद्धा, असहाय आदिलाई बास दिने जस्तो ज्यादै पुण्यको काम पनि यहाँ गरिँदै आएको छ।

यस मन्दिर परिसरमा रहेको अर्को एउटा पाटी १० |१० फिटको रहेको छ भने बाटो नजिकै निर्मित गरिएको पाटी १० |२० फिटको रहेको छ। यसै गरी ५०० मिटर तल पार्किङ स्थलमा बनाइएको पार्टीको साइज पनि १० |२० फिट नै रहेको छ।

३.४.२ होमनगृह र प्रवेशद्वारहरू

यहाँका पौवापाटीहरूमा खास दिन र चाडपर्वहरूको विशेष अवसरमा पूजाआजा तथा भोजभतेर हुन्छ। पाटीमा बसेर पूजाआजा गर्ने, भोजभतेर खाने, विवाह-व्रतबन्ध आदि संस्कारहरू सम्पन्न गर्नुका साथै कतिपय पाटीहरूमा घरवारविहीन बुढाबूढी बस्ने, खाने सुत्ने गरेको पनि पाइन्छ। त्यस्तै तीर्थ जाँदा त्यस्ता पाटीहरूमा कतिपय भक्तजनहरूले रात बिताउने गरेको पनि पाइन्छ। केही दशक अगाडिसम्म तीर्थव्रत तथा अन्य यात्राका क्रममा समेत मानिसहरू बेलुकी पाटी-पौवामा बास बस्ने गरेका संस्मरणहरू बूढापाकाहरू सुनाउँछन् (सनकुमारी महत, अन्तर्वार्ता)।

ढोरबाराही देवीको मन्दिर नजिकै एउटा तामाको पाताले छाएको ६ |६ फिटको होमन गृह बनाइएको छ जहाँ विशेष पूजाहरूमा होमनादि गरिन्छ। यसै गरी मन्दिरको पहिलो प्रवेशद्वार जो सबैभन्दा ठूलो छ त्यसलाई साउदी अरबमा कार्यरत रहेका ढोरफिर्दी र फिरफिरे गा.वि.स.का व्यक्तिहरूबाट निर्माण गरिएको हो भने मन्दिर नजिकको प्रवेशद्वार वर्तमान ठेकेदार हर्कबहादुर महत र उनको परिवारद्वारा निर्मित गरिएको पाइन्छ। यसरी विभिन्न स्रोतहरूबाट निर्मित यी प्रवेशद्वारहरूले मन्दिरको शोभा बढाएका छन् भने पाटी-पौवाहरूले श्रद्धालु भक्तजनलगायत असहाय/ अपाङ्गहरूलाई समेत आश्रमको आधार प्रदान गरेका छन् (खनाल, अन्तर्वार्ता)। यसलाई व्यवस्थित र आकर्षक बनाउनका लागि अनेकौं व्यक्तिहरूको योगदान रहेको पाइन्छ।

ढोरबाराही देवीको मन्दिरको निकट रहेका पाटीहरू ढुङ्गाको गाह्रा र जस्तापाताबाट बनेका छन् । यस मन्दिर निर्माणमा खासै कुनै कलात्मक वस्तुहरूको तथा शैलीको प्रयोग गरिएको पाइँदैन । पाटी वरिपरि बस्ने चउर र त्यस वरिपरि वनजङ्गल रहेको छ ।

### ३.४.३ अभिलेख

प्राचीनकालदेखि नै मानिसहरूले विशेष गरेर राजा-महाराजाहरूले आफ्नो शासनकालमा आफूले गरेका राज्य विस्तारका कार्य, आफ्नो शासन कालमा लिएको पद,आफूले गरेका असल कार्य, आफ्ना पुर्खाहरू आदिका बारेमा शिला, ताम्रपत्र, भोजपत्र, ताडपत्र, स्वर्णपत्र आदिमा आफ्नो कृति कायम गर्ने उद्देश्यले अभिलेखहरू लेखाउने गरेको पाइन्छ । तर यस मन्दिरमा भने त्यस्तो कुनै अभिलेख छैन । साथै मन्दिरमा सूचनाबाहेक अन्य अभिलेखहरू छैनन् ।

नेवारी भाषामा संवत ९६७ लेखिएको एउटा घण्टा ढोरबाराही मन्दिरको उत्खनन् गर्दा २०५३ सालमा फेला परेको थियो । ढोरबाराही मन्दिरमा रहेको मझौलाखाले अर्को एउटा घण्टामा शाके संवत् १८०८ भनी लेखिएको छ । संवत ९६७ लेखिएको घण्टा नै यस मन्दिरको सबैभन्दा पुरानो अभिलेख मानिएको छ । योभन्दा अगाडिको प्रमाण दिने ढोरबाराहीसँग सम्बन्धित कुनै लिखित स्रोत फेला परेको छैन ( लम्साल, अन्तर्वार्ता) । जे भए तापनि ढोरबाराही देवीको मन्दिर धार्मिक तीर्थस्थलको रूपमा मात्र नभई पर्यटकीय महत्त्वले पनि उत्तिकै मनमोहक रहेको छ ।

## ३.५ ढोरबाराहीको मुख्य विशेषता

हिन्दु धर्मको धार्मिक पक्षलाई नियाल्ने हो भने शाक्त सम्प्रदायका देवीहरूको प्रतीकको रूपमा खडा भएको छ । प्रायः मानिसहरूको आस्थालाई आफूभित्र समाहित गर्न सफल रहनुलाई सराहनीय पक्ष मान्नुपर्छ। आन्तरिक तथा बाह्य धर्मावलमबीहरूलाई आध्यात्मिकतातिर डोऱ्याइरहेको छ जसले मानिसहरूले धर्म, संस्कृति तथा परम्परागत संरचना एवं सोचलाई आफ्नो स्थानबाट टेवा पुऱ्याइरहेको देखिन्छ ।

ढोरबाराही देवी पश्चिमाञ्चल विकास क्षेत्रकै प्रसिद्ध देवीको रूपमा प्रचलित छन् । दर्शनार्थीहरूले देवीलाई साक्षात देवीको रूपमा पूजाअर्चना गरेको भेटिन्छ । ढोरबाराही देवीलाई भोग खाने देवीको रूपमा मानी विभिन्न जनावरहरूको बलि दिइन्छ । तीर्थाुहरूलेभाकल गर्ने, पूजा अर्चना गर्ने, बलि चढाउने र आफ्नो मनोकांक्षा पनि पूरा भएको महसुस गरिरहेको प्रत्यक्ष भाकलकर्ताले व्यक्त गर्नु नै यस ढोरबाराही देवीको मुख्य विशेषता हो । यसै गरी मन्दिर नजिकै रहेको पोखरीको रजबाम र तयस पोखरीमा चल्ने अचम्मको चमत्कारी लहरी अर्को विशेषता हो । जहाँ बेलाबेलामा पानीको लहर छुट्ने र बन्द हुने प्रक्रिया चलिरहन्छ ।

ढोरबाराहीको भाकल गरी पूजा, दर्शन गर्नाले मनले चिताएको कुरा पूरा हुने विश्वास रहेको छ । जसको कारण यहाँ वार्षिक हजारौंको सङ्ख्यामा बलि चढाइन्छ ।

ढोरबाराही मन्दिरमा पूजा एवं दर्शन गर्न अधिराज्यका विभिन्न जिल्लाबाट भक्तजनहरू आउँछन् । यहाँको नौलो विशेषता अर्थात् ‘लहरी छुट्ने’ को बारेमा जानकारी लिन, प्राकृतिक मनोरम दृश्य हेर्न काठमाडौं र पोखराबाट मानिसहरू आउने गरेको पाइन्छ भने नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटकहरू पनि केही यहाँ आउने गर्दछन् । यस्तै गरी देशका विभिन्न स्कूल तथा क्याम्पसका विद्यार्थीहरू यस स्थलका बारेमा जानकारी लिन, प्राकृतिक मनोरम दृश्य हेर्न पनि यहाँ आउने गर्दछन् र लहरी देखेर अचम्मित हुन्छन् । यति बेला भने लहरी छुट्ने क्रम रोकिएको छ । बराह भगवान्ले समुद्रबाट पृथ्वीलाई बाहिर निकाल्न हामफाल्दा आएको छाल नै “बाराही लहरी” हो भनी व्याख्या गरिएको पाइन्छ । सानो पोखरीमा पनि भित्रैबाट छाल आउनु यहाँको विशेष विशेषताका रूपमा रहेको छ । प्रसिद्ध शक्तिको केन्द्र मानिएको ढोरबाराही देवीको मन्दिरमा हिन्दू धर्मावलम्वीका साथै अन्य धर्म मान्ने व्यक्तिहरू पनि बाराही लहरी हेर्न आउँदछन् । मन्दिर परिसर पिकनिक (वनभोज) स्थल तथा पर्यटकीय स्थलका रूपमा विकास भइरहेको कारण दर्शनार्थी भक्तजन मात्र नभई अन्य व्यक्तिहरूका लागि पनि आकर्षणको केन्द्रका रूपमा रहेको छ । विवाह, व्रतबन्ध आदि शुभ कार्यहरू पनि ढोरबाराही देवीको मन्दिरमा सम्पन्न हुन्छन् । ढोरबाराहीमा बलि चढाउन ल्याएका बोका तथा पाठापाठीहरू पहिला पानीको पोखरीमा चोबलेर एउटै

व्यक्तिले एक हातले डोरीमा समाई झुण्ड्याने र अर्को हातले बलि छिन्ने दृश्य हेर्दा अनौठो भान हुन्छ ।

ढोरबाराही देवीको ठूलो धार्मिक तथा सामाजिक प्रभाव रहेको छ । सङ्क्षेपमा भन्दा ढोरबाराही यस क्षेत्रका बहुसङ्ख्याक मानिसहरू तथा श्रद्धालु भक्तजनहरूको आस्थाको केन्द्रका रूपमा विद्यमान छन् । यस प्रकारको प्रभाव कायम रहनु ढोरबाराहीको आफ्नो विशिष्टता हो ।

अध्याय : चार

# ढोरबाराही देवीको महत्त्व, संरक्षण, सम्बर्द्धन र वातावरणीय प्रभाव

## ४.१ धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व

विभिन्न देवीदेवताहरूको आराधनास्थल र ऋषिमुनीहरूको तपोभूमि भनेर विभिन्न धर्मशास्त्रहरूमा उल्लिखित हिमाली अधिराज्य नेपालमा अनेकौं देवस्थलहरू छन् । धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने त्यस्ता धेरै शक्तिपीठहरूका कारण नेपाली भूमि 'पवित्र भूमि' भनेर हिन्दू धर्मावलम्बीहरूले सत्ययुगदेखि नै मान्दै आएका छन् । त्यस्तै पवित्र देवस्थल हो नेपालका ७५ जिल्लामध्ये अति नै चर्चित जिल्ला तनहूँ र उक्त जिल्लाको ढोरफिर्दी गा.वि.स. वडा नं. ७ मा पर्ने ढोरबाराही देवी । यहाँ यिनै देवीको धार्मिक, सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक महत्त्वका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

प्रत्येक धर्म, संस्कृति र देवदेवीहरूको आ-आफ्नै धार्मिक विशेषता रहेको हुन्छ । त्यसै गरी यी देवीको पनि आफ्नै धार्मिक विशेषता तथा महत्त्व रहेको छ । ढोरबाराही देवीको बराह पुराणमा समेत उल्लेख भएको हुनाले झन यसको ऐतिहासिक महत्त्व बढेको छ । यहाँ जो कोहीले पनि आफ्नो शुद्ध मनले भाकल गरेमा भाकलकर्ताले आँटेका कुराहरू पुग्ने धार्मिक विश्वास रहेको छ । जो दुःख, कष्ट, पीरमर्कामा परेका छन् उनीहरूले देवीलाई सम्झी उनको पूजा अर्चना गरेमा सम्पूर्ण दुःख, कष्ट तथा पीरमर्काबाट मुक्त हुने भन्ने कुरा पनि अति महत्त्वका साथ लिइन्छ (रामराजा महत, अन्तर्वार्ता) ।

ढोरबाराही भगवती देवीको ठूलो धार्मिक मान्यता रहेको पाइन्छ । मानव मात्र एक प्राणी हो जसले आफूलाई आपत-विपत, दुःख-कष्ट आदि पर्दा भगवान् अर्थात् अदृश्य शक्तिको पूजा गर्न थाल्दछ र जब परिणाम आउँछ त्यसलाई नै भगवान् अथवा देवदेवीको कृपाले भएको भनी मनलाई शान्त पारी बस्ने गर्दछ । यस देवीको स्थानमा

पनि मानवले आफूलाई दुःख-कष्ट, आपत-विपत परेपछि भाकल गर्ने र विभिन्न मनोकामनाहरू देवीसमक्ष प्रस्तुत गर्ने र कसैले आफ्नो भाकल पूरा नहुँदै त कसैले भाकल पूरा भएपछि पञ्चबलि दिने, बलि दिने, परेवा उडाउने परम्परा धेरै पहिलादेखि नै रहँदै आएको छ। यसो हुँदा तीर्थालु तथा भक्तजनहरूको आफ्नो मनोकाङ्क्षा पूरा भएको, उनीहरूले भाकल गरेको कुरा पूरा हुने विश्वास गरिएकाले नै यस देवीप्रति श्रद्धालुहरूको जनविश्वास अझ बढ्दै गएको पाइन्छ। यसरी जनविश्वास वृद्धि हुँदै जानु देवीको महत्त्व मात्र होइन यसको धार्मिक महत्त्वमा पनि वृद्धि हुनु हो।

ढोरबाराही देवीको स्थल ढोरबाराही मन्दिर पश्चिमाञ्चल क्षेत्रमै अद्भूत र प्रसिद्ध धार्मिक केन्द्रको रूपमा प्रख्यात छ। यहाँ दिनहूँ आउने भक्तजनहरूको ठूलो भीडले यही कुरालाई पुष्टि गर्दछ। पश्चिमाञ्चलकै तिर्थालुको घुइँचो लाग्ने यी देवीको उत्पत्तिबारे प्राप्त एउटा घण्टामा संवत ९६७ लेखिएको हुनाले सोही समयअगावै नै देवी स्थापना भएको समय मान्ने गरिएको पाइन्छ। नेवारी लिपिमा घण्टा ेखिएको कारण सो नेपाल संवत हुनुपर्दछ। यस आधारमा अहिले नेपाल संगत ११३१ चलिरहेको यस घडीमा ढोरबाराही देवीको ऐतिहासिकतातर्फ फर्कंदा कम्तीमा १६५ वर्षअघि देवीको अस्तित्व रहेको प्रष्ट हुन्छ। तर कतिपयले सो संवतलाई विक्रम संवत मान्ने प्रयास गरे तापनि अन्य कुनै प्रमाणहरू प्राप्त छैनन् र त्यो विक्रम संवत नै हो भनी ठोकुवाका साथ भन्न सकिँदैन।

मन्दिरसँगैको कुण्ड (पोखरी) मा अचानक पानी बढ्ने र तत्काल घट्ने भइरहन्छ। यसलाई लहरी छुट्ने भनिन्छ। लहरी छुट्ने कार्य वर्षायाममा १५ मिनेट र अन्य समयमा ३० मिनेटदेखि १ घण्टाको अन्तरालमा चल्ने गर्दछ। बलिलाई लहरी छुट्ने पानीको कुण्डभित्र अवस्थित शिलामाथि चढाइने हुँदा भाकल गर्ने धर्म भीरुको मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। भेडा, राँगा आदिको बलि भने मन्दिरमा नचल्ने हुँदा तिनलाई कुण्डभन्दा बाहिर अर्थात् मन्दिरभन्दा केहीपर छुट्टै ठाउँमा बलि दिने गरिन्छ। परेवा र हाँसलाई बलिको रूपमा मान्यता नदिइने हुनाले तिनलाई मन्दिरमा जिउँदै छाड्ने प्रचलन छ। यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलका रूपमा विकास गर्न

गाउँ विकास समितिले विशेष कार्यक्रम सञ्चालन गर्दै जाने कार्यक्रम रहेको ज्ञात हुन्छ (पौडेल, अन्तर्वार्ता) ।

संवत ९६७ लेखिएको घण्टा साउनेडाँडामा ढोरबाराही मन्दिरको उत्खनन् गर्दा २०५३ सालमा फेला परेको थियो। देशमा छरिएर रहेका पुरातात्विक महत्त्वका मठमन्दिरहरू मध्ये एक ढोरबाराही मन्दिरको उत्पत्ति वर्षको अनुमान गर्ने एउटा प्रमुख आधार सो घण्टा पनि हो। ढोरबाराही मन्दिर ऐतिहासिक तीर्थस्थलको रूपमा मात्र नभै पर्यटकीय महत्त्वले उत्तिकै मनमोहक स्थलका रूपमा विकास गर्नुपर्ने ढोरबाराही संरक्षण समितिका वर्तमान अध्यक्ष रामराजा महत बताउँछन्। दैनिक सयौंको सङ्ख्यामा तीर्थालु भक्तजनहरूको घुइँचो लाग्ने ढोरबाराही जस्तो ऐतिहासिक, धार्मिक तीर्थस्थल विकास र संरक्षणका लागि पर्खिरहेको छ भन्ने अनुभव ढोरबाराहीमा पुग्ने जोकोहीलाई पनि पर्न सक्छ। हाल आएर २०६६ साल श्रावण २४ गतेबाट यस मन्दिरको कुण्डमा लहरी छुट्ने प्रक्रिया पूर्ण रूपले बन्द भएको कुरा यस मन्दिरका पुजारी चिरञ्जीवी लम्साल बताउँछन् (अन्तर्वार्ता) ।

ढोरबाराही देवी मन्दिरको कुण्डमा २०४३ सालमा पनि लहरी छुट्न बन्द भएको थियो तर बराह पुराण लगाएपछि पुनः लहरी छुट्न सुरु भएको थियो। तत्कालीन अवस्थामा बराह पुराण लगाउन रामनाथ भट्टराईको सक्रियतामा रु. १२००।- जम्मा गरिएको थियो। लहरी छुट्नका लागि गरिएका विभिन्न उपायहरूमध्ये बराह पुराण लगाएर नै पुनः लहरी छुट्न थालेको सबै स्थानीय बासिन्दा विश्वास गर्दछन्। यसै सिलसिलामा वयोवृद्ध तथा ढोरफिर्दी गा.वि.स.का पूर्व उपप्रधानपञ्च रामनाथ भट्टराईका हजुरबुबा एक ज्यो. पण्डित हुनुहुन्थ्यो। रामनाथले आफ्नो हजुरबुबाको कुनै लिखतमा १९७५ मा बराह पुराण लगाइयो भन्ने भेट्नुभयो। यसबाट सबैले अनुमान गरे कि १९७५ मा पनि लहरी छुट्न बन्द भएको हुन सक्छ र पुराण लगाइएको रहेछ। अतः सोही अनुरूप उनकै सक्रियतामा तनहूँकै किचनास गा.वि.स. का ठाकुरप्रसाद वाग्ले नामक पण्डित ल्याएर ११ दिनसम्म २०४४ सालमा बराह पुराण लगााइयो। यसमा प्रशस्त धान, खाद्यान्न र दान सङ्कलन भयो। त्यति बेला सम्पूर्ण खर्च कटाएर पनि रु. ७००।- बाँकी रहेको थियो। त्यस पुराणमा ठूलो घण्टा साटिएको

थियो । सो घण्टा खोजेर ल्याउनेलाई रु. २००।- पुरस्कार राखियो । पछि सो घण्टा पाइयो पनि र सो ल्याउनेलाई रु. २००।- इनाम पनि दिइयो । यस क्रममा बाँकी रहन गएको रु. ५००।- हालसम्म पनि मन्दिरको कोषमा रहेको कुरा रामनाथ भट्टराई बताउँछन् । बराह पुराण लगाएको १-२ महिनापछि त्यस पोखरीमा मध्य रातमा साह्रै ठूलो आवाज आएको पुजारी घनश्याम लम्साललगायत स्थानीयवासीले थाहा पाए । त्यसपछि उनीहरू तुरुन्त ढोरबाराही देवीको मन्दिर निकट पुगे जहाँ ठूलो गडगडाहटका साथ पोखरीमा लहरी चलेको थियो । यसरी बराह पुराण सम्पन्नपश्चात् लहरी छुटेको कारण फेरि पनि लहरी छुट्न छोडेको बेलामा बराह पुराण लगाउनु पर्ने कुरा रामनाथ भट्टराई बताउँछन्। सामाजिक रूपले पनि विशेषतः हिन्दू धर्मावलम्बीहरूका बीच यसले प्रसिद्धि पाउनुले यो समाजमा एक स्थापित 'देवीस्थल' का रूपमा रहेको कुरामा दुईमत छैन ।

वि.सं. १९७५, २०४२ र २०६६ सालमा यस पोखरीमा पानीको लहरी आउन बन्द भयो । यो एक खोजकै विषय बनेको छ । स्थानीय बासिन्दाका अनुसार वि.सं. १९७५ र २०४२ सालमा ११ दिनसम्म बराह पुराण लगाई यसलाई निरन्तरता दिइएको थियो भन्ने विश्वास रहेको छ । यसको बारेमा सत्य-तथ्य पत्ता लगाउनु जरुरी छ । हुन सक्छ मूलको पानी सुकेर पो हो कि ? यसै गरी मूल वहने ठाउँतिर विभिन्न मोटरबाटोहरू खनिएर पनि हुन सक्छ । यस्ता कारणहरूले गर्दा पनि लहरी छुट्न बन्द भएको हुन सक्छ । यस्ता कुराहरूलाई ध्यानमा राखी लहरी बन्द हुनुको रहस्य पत्ता लगाउन जरुरी छ ।

## ४.२ ढोरबाराही देवीको महत्व र संरक्षण

नेपालका मौलिक परम्परा एवम् मौलिक विशेषताहरू पूर्वजहरूले सिर्जेका कलाकृतिहरू नेपालका सांस्कृतिक सम्पदाहरू हुन् । स्मारकहरू, पुरातात्त्विक स्थल एवम् अवशेष, कलाकृति आदिलाई सांस्कृतिक सम्पदाका रूपमा लिइन्छ । यस्ता सांस्कृतिक सम्पदाहरू नेपालको पहिचानका रूपमा रहिआएका छन् । सांस्कृतिक सम्पदाहरूले विश्वसामु नेपालको पहिचान गराउन पनि महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् ।

सांस्कृतिक सम्पदाहरूको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व रहनुका साथै यिनीहरूले नेपालको गौरवलाई अझ बढाएका छन् । हाल आएर यस्ता सम्पदाहरूको आर्थिक एवम् पर्यटकीय महत्त्व पनि उत्तिकै छ । बहुजातीय नेपाली सांस्कृतिक विविधता भए तापनि एक राष्ट्रिय संस्कृतिको निर्माण हुनु, धार्मिक सहिष्णुता कायम हुनु वास्तवमा नेपाली संस्कृतिको मूल विशेषता हो ।

नेपालका प्राचीनतम् मन्दिर, चैत्य, ऐतिहासिक दरवार, मूर्ति, चित्र, हस्तलिखित ग्रन्थ, अभिलेख, पुरातात्त्विक स्थलहरू, स्मारकहरू तथा कुनै ऐतिहासिक महत्त्वको वस्तुको अन्वेषण, संरक्षण तथा जीर्णोद्धार गर्न अति आवश्यक हुन आउँछ । यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ । विभिन्न निकायहरूलाई संरक्षणको जिम्मेवारी छ भनेर मात्र सम्पदाहरूको संरक्षण हुन सक्दैन । तसर्थ सम्पदाहरूको संरक्षण सम्पूर्ण नेपालीहरूको कर्तव्यभित्रको पनि कुरा हो ।

खासगरी सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नका लागि नीतिगत रूपमा विभिन्न ऐनहरू बनेका छन् र तिनीहरूको कार्यान्वयन गर्ने निकायहरू रहेका छन् । प्राचीन स्मारक ऐन २०१३ निर्माण भएपछि सांस्कृतिक सम्पदाहरू संरक्षण गर्ने महत्त्वपूर्ण भूमिका पुरातत्त्व विभागको देखिन्छ । यद्यपि सम्पदाहरूसँग सम्बन्ध राख्ने अन्य निकायहरू र उनीहरूको भूमिका पनि महत्त्वपूर्ण हुन आउँछ । गुठी संस्थान, स्थानीय निकायहरू तथा विभिन्न संघ संस्थाहरूको पनि त्यत्तिकै भूमिका रहन्छ । नेपालका सांस्कृतिक सम्पदाहरूलाई विश्व समुदायको आँखाबाट हेर्नका लागि युनेस्कोले पनि सम्पदा संरक्षण हुनु पर्नेमा नेपाललाई झक्झकाइरहेको पाइन्छ । यद्यपि सांस्कृतिक सम्पदाहरू संरक्षण हुनका लागि विद्यमान चुनौती एवम् समस्याहरू पनि पर्याप्त छन् ।

जुन-जुन निकायहरूबाट नेपालका सांस्कृतिक सम्पदाहरू संरक्षण गरिएको भए तापनि त्यसमा पर्याप्तता चाहिँ छैन । प्रभावकारी ढङ्गबाट नेपालका सम्पदाहरूलाई कानूनी एवम् संस्थागत रूपमा व्यवस्थित गरिएको छैन ।

नेपालका अनगिन्ती सांस्कृतिक सम्पदाहरू लोपोन्मूख अवस्थामा छन् । विभिन्न

स्थानहरूमा भएका सम्पदाहरूको विवरण तथा अभिलेखसम्म राख्न नसकिएको अवस्था छ। सांस्कृतिक सम्पदाहरू संरक्षण गर्नका लागि कानूनी अस्पष्टता र जटिलता पनि त्यतिकै देखिन्छ। सम्पदाहरू संरक्षण गर्नका लागि बनेका ऐन नियमहरू पनि प्रभावकारी ढङ्गबाट कार्यान्वयन हुन नसकेको अवस्था छ। सांस्कृतिक सम्पदाहरूको संरक्षण कार्यमा राजनीतिक प्रतिबद्धताको अभाव पनि मुख्य समस्या देखिन्छ। जनचेतनाको अभावले गर्दा पनि सांस्कृतिक सम्पदाहरूमा ह्रास आएको पूर्वजहरूले निर्माण गरेका विभिन्न धार्मिक धरोहरका स्थलहरूसँगसँगै सम्बन्धित परम्परागत गुठीहरू र निकायहरू भए तापनि तिनीहरूलाई व्यवस्थापन र चेतनाको अभावले उनीहरूको जिम्मेवारी घटिरहेको अवस्था छ।

प्राकृतिक विपत्तिहरूले पनि बेला बेलामा सम्पदाहरू नष्ट भएका घटनाहरू पाइन्छन्। भुइँचालोले पुऱ्याएको क्षति, आगलागि, हुरी बतासले ढाल्नु, काठका वस्तुहरू धमिराले खानु, विभिन्न किरा फट्याङ्ग्राले क्षति पुऱ्याउनु, ओस तथा चिस्यानले क्षति पुग्नु, पुराना भएर जीर्ण हुनु, स्मारकमा रुख, विरुवा, झारपात उम्रिएर पुऱ्याउने क्षति आदि पनि गम्भीर समस्याको रूपमा देखा परेका छन्।

यसर्थ सांस्कृतिक सम्पदाहरूको सही रूपले अध्ययन र विश्लेषण गरी यिनीहरूको संरक्षण हुनु आजको आवश्यकता हो। सांस्कृतिक सम्पदाहरूका विभिन्न विधाहरूलाई पहिचान गरी सही रूपमा जीर्णोद्धार, पुनः निर्माण सूची तयार, लागत सङ्कलन आदि कार्य गर्नु सम्बन्धित निकायहरू र आम नेपालीहरूको कर्तव्य हो। प्रभावकारी ढङ्गबाट सांस्कृतिक सम्पदाको संरक्षण गर्नका लागि राष्ट्रिय नीति तयार गरी सोहीअनुरूप कार्ययोजना तयार गर्नु आजको प्रमुख आवश्यकता हो।

प्रस्तुत अध्ययन "ढोरबाराही देवीको मन्दिर" पनि नेपालमा रहेका सांस्कृतिक सम्पदाहरूमध्ये एक महत्त्वपूर्ण सम्पदाको रूपमा पर्न आउँछ। सांस्कृतिक रूपमा महत्त्वपूर्ण यस स्थलको सही रूपमा अध्ययन र विश्लेषणका साथै मन्दिर तथा पाटीहरूको उचित रूपमा संरक्षण हुनु आवश्यक छ। साथै यहाँ सुरक्षा व्यवस्थाको अभाव रहेको कारण यस मन्दिर परिसरमा रहेका स्मारकहरू चोरी हुन सक्ने सम्भावनाबाट बेलैमा जोगाउन सकेको खण्डमा यसको महत्त्व चिरकालसम्म रहन

सक्दछ। यसर्थ यस स्थलमा पनि सम्बन्धित निकायहरूको ध्यान र स्थानीय बासीहरूको चेतनाको खाँचो छ।

## ४.३ ढोरबाराहीको संरक्षण र सम्बर्द्धनमा विभिन्न निकायहरूको भूमिका

ढोरबाराही देवीस्थल तनहूँ जिल्लाको मुटुमा पर्ने ढोरफिर्दी गा.वि.स. वडा नं. ७ मा भए तापनि संरक्षण र सम्बर्द्धनमा पछाडि परेको देखिन्छ। यहाँ मन्दिर मात्र नभएर आसपासका विभिन्न पाटीपौवा, बाटो, पोखरी आदिको उचित तरिकाले संरक्षण तथा सम्बर्द्धन हुन सकेको छैन। तर यसको संरक्षण तथा सम्बर्द्धनमा प्रयास भने नभएका होइनन्। जबदेखि यस मन्दिरको महत्त्व बढ्दै गयो तबदेखि विभिन्न समितिहरू बनाई यस स्थलको विकास निर्माण गर्न त्यहाँका स्थानीय जनताहरू अनवरत रूपमा लागिरहेका छन्।

यस मन्दिरको संरक्षण तथा सम्बर्द्धनका लागि विशेषत: २०२५/०२६ सालदेखि पूजा व्यवस्थापन समिति गठन भएको थियो। २०४९ सालदेखि महेश्वर भट्टराईको अध्यक्षतामा गठित गुठीमा रु. ५५०००।- सङ्कलन गरी ढोरबाराही पूजा निर्माण विकास समिति स्थापना गरी २०६३ सालमा आएर विधान बनाई सोहीअनुरूप ३/३ वर्षको लागि कार्यसमिति गठन गर्ने गरिएको छ।

हालसम्म यस ढोरबाराही देवीको पूजा व्यवस्थापन गर्ने तथा ढोरबाराहीको विकास निर्माण गर्ने उद्देश्यले गठित समितिका भूतपूर्व अध्यक्षहरू श्री महेश्वर भट्टराई, श्री श्यामराजा महत, श्री अम्बरबहादुर हमाल, श्री रामराजा महत र श्री खिमबहादुर महत रहेका छन्।

### वर्तमान कार्यसमिति

ढोरबाराही देवीको पूजा व्यवस्थापन गर्ने तथा ढोरबाराहीको विकास निर्माण गर्ने उद्देश्यले गठित समितिका वर्तमान समितिका पदाधिकारीहरूमा अध्यक्ष रामराजा महत, उपाध्यक्ष रामबहादुर महत, सचिव टंकप्रसाद पौडेल, सहसचिव खिमबहादुर महत र कोषाध्यक्ष मनरूपा बराल रहेका छन्। त्यसै गरी सदस्यहरूमा भीममाया थापा, रमा लम्साल, धनबहादुर पुलामी, सीता बानिया र पुजारी चिरञ्जीवी लम्साल रहेका छन्।

## ढोरबाराहीमा ठेकेदारी प्रथा

यो ठेकेदारी प्रथा यहाँ २०४९ सालबाट सुरु भयो। यसभन्दा पहिला यो मन्दिरको व्यवस्थापन जिल्ला मालपोत कार्यालयबाट नै सञ्चालित थियो (रामबहादुर महत, भेटवार्ता)। ठेकदारी प्रथा लागू भएपछिका ठेकेदारहरू निम्नानुसार रहेका छन् :

१. इन्द्रबहादुर महत २. कृतबहादुर खाँड ३. तोपबहादुर महत ४. गोपी थकाली ५. रेवती सिग्देल ६. हरिकृष्ण श्रेष्ठ ७. डिल्लीराम रिमाल ८. कृष्णप्रताप महत ९. रामप्रसाद भट्टराई १०. हर्कबहादुर महत ११. विष्णुबहादुर महत १२. भक्तबहादुर सेन १३. हर्कबहादुर महत १४. इन्द्रबहादुर महत १५. हर्कबहादुर महत (२०६३ देखि हालसम्म)

ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्वले सुसज्जित यस बराह क्षेत्रलाई व्यवस्थित बनाउन यस व्यवस्थापन समितिले यहाँको वातावरणलाई सफा, स्वच्छ राख्न विभिन्न स्थानहरूमा शौचालयको व्यवस्था गरेको छ। यसै गरी शुद्ध पूजा मन्दिरमा गराउनका लागि त्यहाँभित्र कुनै बलिहरू नलग्ने, कुखुराको भोग नदिने, बोका, पाठी तथा पाठाको बलि पोखरीको शिलामाथि दिने व्यवस्था गरिएको छ भने परेवा र हाँस छोडिदिने व्यवस्था छ। राँगा र भेडाको बलि दिने ठाउँ भने छुट्टै बनाइएको छ। साथै देवीलाई चढाइएको बलि सफा गर्ने ठाउँ अझ तल्लो भागमा रहेको सानो पोखरीमा छ।

यस समितिको पहलमा मन्दिरभन्दा करिब ५०० मिटर टाढा एउटा बसपार्क बनाइएको छ जसले गर्दा तीर्थालुहरूलाई धेरै सुविधा भएको छ। यस समिति लगायत त्यहाँका स्थानीय बासिन्दाको सहयोगमा बाटो, पुल, पाटी जीर्णोद्धार गर्दै आइरहेको पाइन्छ। यो मन्दिर आफैमा पनि सम्पन्नशाली देख्न र बुझ्न सकिन्छ। यहाँ प्रत्येक वर्ष बलिको टाउकाको मूल्यको टेण्डर आह्वान गरेर धेरैभन्दा धेरै पैसा प्राप्त गर्ने गरेको छ। यस वर्ष २०६६/०६७ को टेण्डरबाट मात्र समितिले रु. ११,८५,०००।- प्राप्त गरेको छ जुन रकम बलिको टाउकाबाट असुल्ने गर्दछन्। एउटा टाउकाको मूल्य रु. १५०।- तोकिएको छ र चढाइएको बलिको सम्पूर्ण भाग सफा गरेको रु. १००।- ठेकेदारले बलि दिने श्रद्धालु भक्तजनहरूबाट प्राप्त गर्ने गर्दछन्।

उक्त टेण्डरबाट प्राप्त भएको रकमले यस समितिले एक वृत्तचित्र बनाई सञ्चारको माध्यमबाट ढोरबाराहीको प्रचारप्रसार गर्ने जमर्को गरिरहेको छ । यसै गरी यहाँ उद्यान बनाउने गुरुयोजना रहेको कुरा पनि अध्यक्ष महत बताउँछन् । यसै गरी त्यहाँ रहेको खोलामा विभिन्न प्रजातिका माछाहरू छोडी तिनलाई संरक्षण गर्ने साथै भविष्यमा एउटा सानो चिडियाखाना निर्माणको योजना बनाउनु पर्ने उपाध्यक्ष रामबहादुर महत बताउँछन् ।

नेपाल भ्रमण वर्ष अर्थात् पर्यटन वर्ष १९९८ मा पर्यटन मन्त्रालयले यस ढोरबाराही स्थलको विकास निर्माणका लागि भनेर रु. २ लाख १८ हजार प्रदान गरेको थियो भने यस पर्यटन वर्ष २०११ बाट पनि यस स्थानको विकासका लागि सहयोग लिन सकिने आशामा यहाँका स्थानीय बासिन्दाहरू रहेका छन् । पर्यटन वर्षको यस अवसरमा ढोरबाराही क्षेत्र पनि पर्यटकीय क्षेत्रका रूपमा विकसित हुने वातावरणको निर्माण हुन सकेमा धार्मिक पर्यटनका साथै आन्तरिक पर्यटनको पनि आकर्षण यहाँ थपिन सक्छ भन्ने सुझाव पनि प्रस्तुत गरिएको पाइन्छ (कार्की, २०६७:२) ।

यस मन्दिरसम्म पुग्नका लागि बाटोको छेउछाउमा विभिन्न किसिमका फूलहरू रोपेर यस स्थललाई अझ आकर्षक तथा झकिझकाउ बनाउन सकिने साथै मनकामना मन्दिरमा जस्तै होटलहरूको व्यवस्था गर्न सके आन्तरिक तथा बाह्य पर्यटकहरूलाई अझ आकर्षण गर्न सकिने कुरामा स्थानीय बासिन्दा शिवशंकर बानिया विश्वस्त छन् ।

## ४.४ जीर्णोद्धारको समयमा गरिएका मुख्य कार्यहरू

- ढोरबाराही देवीको पुरानो मन्दिरमा खरको छानो रहेकोमा त्यसलाई मर्मत गर्न तथा त्यहाँको पाटी मर्मत गर्नका लागि छाब्दी मन्दिरमा जस्तै २०१६ सालमा बन्दीपुर मालपोत कार्यालयबाट रु दुई हजार निकासा भई पाटीको जीर्णोद्धार गरिएको थियो । वर्तमानमा आएर स्थानीय जनता तथा पुजारी एवं ठेकेदारको सहयोगबाट विश्राम गर्नका लागि पुरानो पाटीलाई नयाँ बनाइएको छ ।
- सिंढीहरूमा भत्किएका तथा बिग्रिएका ढुङ्गाहरू मिलाएर नयाँ बनाइएको छ ।
- काठका ढोकाहरू झिकेर फलामको चेनल गेट राखिएको छ ।

- खरको छाना हटाई ढलान गरिएको छ ।
- मन्दिरको वरिपरिका रुखहरू काँटछाट गरी आकर्षक बनाइएको छ ।
- विश्राम पाटीलाई मर्मत गरी पक्की बनाइएको छ ।
- माछापालनका लागि व्यवस्थित ढङ्गले जल-कुण्ड बनाइएको छ ।
- मन्दिरमा रङ्गरोगन गरिएको छ ।
- बोका तथा पाठापाठीको बलि पोखरीभित्र रहेको शिलामाथि दिइन्छ भने राँगा, भेडा, आदिको बलि दिन पोखरीबाहिरको केही तल छुट्टै स्थान बनाइएको छ ।
- मनोरञ्जनात्मक दृष्टिकोणले पिकनिक स्थलहरूको राम्रो व्यवस्था गरिएको छ ।
- खानेपानीको व्यवस्था गरिएको छ ।

## ४.५ वातावरणीय प्रभाव

ढोरबाराही गा.वि.स. क्षेत्रमा डाँडाकाँडा तथा विशाल फाँटसमेत रहेकाले यहाँ दुई प्रकारको हावापानी पाइन्छ । डाँडाकाँडाहरूमा ठण्डी प्रकारको हावापानी पाइन्छ भने फिर्दी फाँटमा गर्मी हुन्छ । वातावरणीय हिसाबले यस ढोरबाराही स्थानमा जाडोको समयमा अति जाडो र गर्मीको समयमा अत्यन्त शितलो प्रकारको हावापानी रहेको छ ।

ढोरबाराही मन्दिर परिसर बाराही वनको छेउमा खोल्सामा अवस्थित छ । पहिला यस मन्दिरको नाममा रहेको सनद वन अहिले सामुदायिक वनमा परिणत भएको छ । यस जङ्गलको उत्तरपट्टि 'राजाको गुफा' रहेको छ । अहिले आएर यस जङ्गलको थोरै भागचाहिँ बराह क्षेत्र भनेर घोषणा गरिएको छ । त्यहाँ रहेका जङ्गलमा अग्ला लामा लामा लहरासहितका ठूला रुखहरू रहेका छन् । जसमा चाँप, सिमल, टुनी, दगदगे, सक्रातो, वेद, लहरेबर, पीपल आदि पाइन्छन् (स्थलगत अध्ययनबाट प्राप्त जानकारी) । यसले गर्दा मन्दिर परिसरमा प्रायः घाम नपर्ने हुन्छ । त्यसो हुँदा त्यहाँ अति नै जाडो पनि हुने गर्दछ । कहिल्यै घाम नपर्ने हुँदा अति जाडोको कारण यहाँका पुजारी प्रमानन्द ढुङ्गाना र अर्का पुजारी घनश्याम लम्साल दीर्घरोगी हुन

पुगेको बताइन्छ । साथै घनश्याम लम्सालका ६ भाइ छोरामध्ये एउटा छोरा चिसोका कारणले गर्दा अपाङ्ग हुन पुगेको कुरा पुजारी बताउँछन् (लम्साल, भेटवार्ता) । त्यस कारणले गर्दा हाल यस मन्दिरमा पुजारीहरू यहीँ बसिरहने चाहना राख्दैनन् ।

ढोरबाराही भगवती मन्दिर परिसरको वातावरणीय प्रभावका बारेमा कुरा गर्दा देवीलाई बलि दिने पाठाहरू पूर्णरूपमा धोई पखाली बलि दिने गरिन्छ । ढोरबाराही मन्दिर वरिपरि सफा नै रहेको छ भने त्यहाँसम्म पुग्न बाटाहरू पनि ठिकै छन् । हाल आएर मन्दिर पुग्न भन्दा ५०० मिटर वरसम्म मोटरबाटो पुगेको र अरू बाँकी बाटामा सामान्य ढुङ्गा बिच्छ्याइएको छ । मन्दिर प्रवेशद्वार दुईवटा रहेका छन् । पुरानो मन्दिरको नजिक रहेको सानो प्रवेशद्वार ढोरबाराही देवीस्थलका ठेकेदार श्री हर्कबहादुर महतले बनाएका हुन् । मन्दिर प्रवेश गर्ने दोस्रो ठूलो प्रवेशद्वार भने ढोरफिर्दी गा.वि.स. र फिरफिरे गा.वि.स.का व्यक्तिहरू जो साउदी अरबमा रहेका छन् उनीहरूको सक्रियतामा निर्माण गरिएको हो (पुलामी, भेटवार्ता) ।

मन्दिरसम्म पुग्ने क्रममा बराहखोलामा सानासाना तीनवटा पुल बनाइएको छ भने ५०० मिटरको बाटोमा नेपाल भ्रमण वर्ष १९९८ को अवसरमा पर्यटन मन्त्रालयबाट रु. २ लाख १८ हजार सहयोग र जनश्रमदानबाट ढुङ्गा बिछ्याउने काम सम्पन्न भएको छ । यसबाट तीर्थयात्रीहरूलाई मन्दिर पुग्न धेरै सजिलो भएको छ ।

मन्दिरको पूजा सामान्यतया दिउसो १ बजेपछि सकिने हुँदा २-३ बजेपछि त्यहाँ रहेका होटल, लजहरू पनि एक प्रकारले सुनसान देखिन्छन् । यस मन्दिरमा एक जना मात्र पुजारी रहेको र निराहार पूजा गर्ने चलन भएकाले खाना खाएपछि पुनः पूजा नगरिने हुँदा पनि २ बजेपछि पूजा नगर्ने चलन भएको हो । यस ढोरबराह क्षेत्र ३५ रोपनी क्षेत्रफलमा फैलिएको छ जसमा घना जङ्गल तथा पानीको सुविधा भएको हुँदा यहाँ विभिन्न किसिमका पशुपन्छीहरूले आश्रय लिइरहेका छन् । यहाँ विभिन्न जडीबुटीहरू प्रशस्त मात्रामा रहेका छन् तर त्यसको सही उपयोग हुन सकेको छैन । यस स्थलमा घाम अति नै कम पर्ने गर्दछ । त्यसकारण अन्यत्रभन्दा यहाँ बढी चीसो छ । सामान्यतया यस स्थलको मौसमी वातावरण चिसो रहने भए तापनि ढोरबाराही मन्दिर परिसर मात्र होइन त्यहाँसम्म पुग्ने बाटोघाटोको व्यवस्थितिकरण तथा

सरसफाई, वृक्षारोपण आदिमा सम्बन्धित क्षेत्रबाट ध्यान पुग्न सकेमा ढोरबाराहीको थप आकर्षण वृद्धि हुने देखिन्छ। तसर्थ यहाँको वातावरण सामाजिकरूपले पनि प्रदूषित गराउनु हुँदैन भने अन्य क्षेत्रबाट पनि ठोस कदमहरू चाल्नु जरुरी देखिन्छ।

ढोरबाराही देवीलाई एक साक्षात भोग लिने देवीको रूपमा पूजाअर्चना गरेको पाइन्छ। उनलाई भाकलकर्ताहरूले आफ्नो भाकलअनुसारको जनावरहरूको बलि चढाउने गरेको भेटिन्छ। कहिले कहिले त करिब ३०० सम्म बलि यहाँ चढाइन्छ। यो सबैलाई अचम्म लाग्ने कुरा हो। यसैमा पनि हामी के सोच्न सक्छौं भने त्यो सानो पोखरीमा झण्डै ३०० बलि दिँदा तिनको रगतले त्यो पोखरी कतिसम्म रक्ताम्य हुन्छ होला ? त्यहाँबाट निसकेको पानी कति सफा र पवित्र होला यो एक सोचनीय विषय हो। यसले देवीको नाममा चढाइएको बलिको रगतले त्यस कुण्डबाट निस्कने खोलालाई रक्ताम्य पारी प्रदूषित पारेको छ। साथै तिनै बलि चढाइएका बोका, पाठापाठीलाई सफा गर्दा पनि उत्तिकै फोहोरमैला निस्केको हुन्छ। त्यसलाई पनि सोही खोलामा बगाइने हुँदा त्यस स्थलको वातावरण दिनप्रतिदिन बिग्रदै गएको छ जसले गर्दा यस स्थलको वातावरणमा नराम्रो प्रभाव पार्दै गएको छ। पोखरीमाथिको शिलामा बलि नचढाउने हो भने पोखरीको पानी शुद्ध र सफा रहन सक्दछ भने बलि चढाइएका बोका, पाठाहरू तथा राँगालाई सफा गर्ने काम खोलामा नगर्दा पनि खोला सफा हुन जान्छ। वातावरणीय प्रदूषण नगरी स्वच्छन्दता कायम गर्नु ढोरबाराही पूजा व्यवस्थापन समिति तथा सम्बन्धित व्यक्तिहरूको जिम्मेवारीभित्रको कुरा हो।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

विभिन्न देवीदेवताहरूको आराधनास्थल र ऋषिमुनिहरूको तपोभूमि भनेर विभिन्न धर्मशास्त्रहरूमा उल्लिखित हिमाली राज्य नेपालमा अनेकौं देवस्थलहरू छन् । धार्मिक प्रसङ्गहरूमा अत्यन्तै महत्त्वका साथ चिनिने त्यस्ता धेरै शक्तिपीठहरूमध्ये ढोरबाराही देवी पनि एक हो ।

तनहूँ जिल्लाको नगरोन्मुख गाउँ ढोरफिर्दी गा.वि.स. वडा नं. ७ मा पर्ने यो मन्दिर पोखरादेखि ३० कि.मी. टाढा पर्दछ । यस ढोरबाराही देवीको मन्दिरमा जान कच्ची मोटरबाटोको सुविधा रहेको छ । सयौं वर्षदेखि यस मन्दिरमा पूजाअर्चना गर्दै आएको अनुमान गरिन्छ ।

शुक्लागण्डकी र कोट खड्का देवीको काखमा ३५ रोपनी क्षेत्रफलमा फैलिएको ढोरबाराही मन्दिरमा सम्वत् ९६७ सालको घण्टा फेला पर्नुले यस मन्दिरको ऐतिहासिकता प्रमाणित भएको छ । यस मन्दिरको धार्मिक प्रसङ्गका सन्दर्भमा प्रसिद्ध धार्मिक ग्रन्थ बाराही पुराणमा उल्लेख गरिएको छ । विभिन्न प्रकारका बोटविरुवा र लहराहरू सजिएको यो स्थान प्राकृतिक रूपमा निकै मनोरम देखिन्छ । यहाँको अर्को थप रोचक र महत्त्वपूर्ण पक्ष भनेको यहाँ रहेको कुण्डमा वर्षायाममा १५-३० मिनेटमा र हिउँदयाममा ३० देखि ६० मिनेटको अन्तरालमा लहरी छुट्नु हो । यदि देवीलाई शुद्ध मनले पूजाअर्चना गर्ने, भाकल गर्ने हो भने भक्तजनहरूको मनोकाङ्क्षा पूरा हुने गरेको धार्मिक विश्वास रहेको छ ।

यस मन्दिरको प्रमुख विशेषतामा मन्दिर नजिकै रहेको पोखरीमा वर्षायाममा प्रत्येक १५-३० मिनेट र हिउँदमा ३०-६० मिनेटमा लहरी छुट्नु हो । जुन नेपालको परिप्रेक्ष्यमा अर्को कहीँ भेटिएको छैन । यस मन्दिरको एउटा अर्को सौन्दर्य झल्काउने कुरा के देखिन्छ भने यहाँ प्रवेशद्वारबाट मन्दिर नपुगुन्जेलसम्म लहरै घण्टाहरू

झुण्ड्याइएको छ जसको कारण यो स्थलको आकर्षण बढ्नमा पनि सहयोग पुगेको छ ।

तनहूँ मात्र होइन पशि्चमाञ्चल क्षेत्रकै अधिकांश मानिसहरूको अगाध आस्था रहेको यस ढोरबाराहीको दर्शन गर्न तथा पूजा गर्न आउनेको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ । अनौठो विशेषता अर्थात् मन्दिर निकटको पोखरीमा लहरी छुट्ने विशेषता भएको यस मन्दिर क्षेत्रमा आउने श्रद्धालुहरूको सुविधालाई ध्यानमा राख्दै विभिन्न किसिमका संरचनाको विकास गर्न पनि जरुरी देखिन्छ ।

## ६.२ सुझाव

ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्वले सुसज्जित यस ढोरबाराही क्षेत्रलाई अझै व्यवस्थित बनाउनुपर्ने देखिन्छ । यस मन्दिरमा दिनानुदिन तीर्थालुहरूको बढ्दो क्रम रहेको छ । यसले के बुझाउँछ भने जनमानसमा यसको प्रभाव अझ बढी मात्रामा बढिरहेको छ । यस स्थानलाई अझ व्यवस्थित रूपले व्यवस्थापन गर्न सकेमा यस स्थानको मात्र नभई यस क्षेत्रकै भविष्य उज्ज्वल देखिन्छ । यो स्थल नेपालको एक महत्त्वपूर्ण धार्मिक र सांस्कृतिकस्थल भएको हुनाले यस स्थलमाथि ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ । ढोरबाराही देवीको मन्दिर राम्रो रूपमा निर्माण गरिएको भए तापनि यसको बेलाबेलामा जीर्णोद्धार गर्नु जरुरी देखिन्छ । मन्दिर भिरालो तथा गहिरो खोल्सामा रहेकाले भूक्षय र पहिरोको प्रबल सम्भावना देखिएको छ । यसका लागि मन्दिर परिसरमा भएका रुखहरूलाई संरक्षण गर्दै थप वृक्षारोपण गर्नुपर्ने देखिन्छ । कुनै पनि ठाउँको भूक्षयबाट संरक्षण गर्नका लागि त्यस ठाउँको माटोको स्थिति अध्ययन गरी सोही अनुरूपका वृक्षारोपण गर्ने साथै कस्ता खालका जीवजन्तु र पक्षीहरूलाई आश्रय दिन सकिन्छ सोहीअनुसार त्यस ठाउँको विकास तथा संरक्षण गर्न सकिन्छ ९इषि, ज्ञढटट० । यसर्थ अधिकांश मानिसहरूको आस्थाको केन्द्र यस स्थलका केही समस्या देखिन्छन् । यस्ता समस्याहरूलाई औंल्याउदै यस स्थलको महत्त्वलाई अझ बढाउनु पर्ने देखिन्छ । यस स्थलको सांस्कृतिक महत्त्वलाई अझ बढाउने र संरक्षण गर्न मन्दिरसम्म पुग्ने पक्की बाटो बनाउन सके भक्तजनहरूलाई सुविधा पुग्नुका साथै बाह्य तथा आन्तरिक पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ । यसका साथै टेलिफोन

तथा विद्युतको व्यवस्था र होटल रेष्टुरेन्टहरूको राम्रो व्यवस्था गर्न सके यस ठाउँको भविष्य उज्ज्वल बनाउन सहयोग पुग्ने देखिन्छ। ढोरबाराही देवीको पूजा गर्ने पूजारी प्रायशः दिनको १ बजेपछि पूजा सिध्याएर घर जाने गरेको कारण त्यस समयपछि मन्दिर परिसरमा कुनै सुरक्षाको प्रबन्ध छैन। यसले गर्दा त्यहाँ कसैले तोडफोड गर्ने वा बाहिर रहेका अनेकौं सामग्रीहरू उठाएर लैजाने सम्भावना देखिन्छ। त्यसैले पूजा अवधि सकिएपछि पनि मन्दिर परिसरको सुरक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ।

अन्त्यमा विशेषत पश्चिाञ्चल क्षेत्रमा प्रसिद्ध शक्तिको प्रतीकका रूपमा पूजाआजा गर्दै आएको यस ढोरबाराही देवीको प्रचार-प्रसार जति व्यापक रूपमा गर्न सकिन्छ त्यति नै यसको क्षेत्र पनि जनमानसमा फराकिलो हुँदै जान्छ। पर्यटन वर्ष २०११ (ई.) मा यसको विशेष योजनाका साथ प्रचार-प्रसार हुन सकेमा यो आन्तरिक पर्यटनको एक महत्त्वपूर्ण स्थल बन्न सक्दछ। यसको प्रचार-प्रसार र महत्त्व वृद्धि हुनु भनेको यस क्षेत्रकै महत्त्व वृद्धि हुनु हो। तसर्थ ढोरबाराही व्यवस्थापन तथा निर्माण समितिलगायत स्थानीय जनता एवं सम्बन्ति निकायहरूको यसमा ध्यान पुग्नु आवश्यक देखिन्छ।

# सन्दर्भ सामग्री

१. मौलिक स्रोत

अन्तर्वार्ता एवं महत्त्वपूर्ण जानकारी प्रदान गर्नुहुने महानुभावहरूको नामावली

१. काफ्ले, खेमनारायण (५०), ढोरफिर्दी-७ (२०६७।९।२१) ।

२. खनाल, चन्द्रबहादुर (५२), शाखा अधिकृत, ढोरफिर्दी नगरोन्मुख गा.वि.स. (२०६७।१०।२) ।

३. पुलामी, धनबहादुर, सदस्य, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७।९।२१) ।

४. पौडेल, रामप्रसाद (३४), भरतपोखरी-१ (२०६७।१०।३) ।

५. बानिया, ज्ञानबहादुर (९४), भूतपूर्व सचिव, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७।९।२०) ।

६. बानिया, शिवशंकर (४४), ढोरफिर्दी-७ (२०६७।९।२२) ।

७. भट्टराई, रामनाथ (७८), पूर्व उपप्रधानपञ्च, ढोरफिर्दी गाउँ पञ्चायत (२०६७।९।२०) ।

८. महत, दिनेश (३०), स्थानीय बासिन्दा (२०६७।९।२०) ।

९. महत, रामबहादुर (५५), उपाध्यक्ष, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७।९।२२) ।

१०. महत, रामराजा (६१), अध्यक्ष, ढोरबाराही मन्दिर व्यवस्थापन समिति (२०६७।९।१०) ।

११. महत, शिव (४५), बुद्धिजीवी, ढोरफिर्दी-७, (२०६७।९।२१) ।

१२. महत, श्यामराजा (६५), भूतपूर्व अध्यक्ष, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७।६।६) ।

१३.	महत, हर्कबहादुर (६०), ठेकेदार, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७१९।२०) ।

१४.	महत, सनकुमारी (५५), ढोरफिर्दी-७, (२०६७१९।२१) ।

१५.	लम्साल, कृष्णप्रसाद (३३), ढोरफिर्दी-७, (२०६७११०।२) ।

१६.	लम्साल, चिरञ्जीवी (२९), पुजारी, ढोरबाराही देवी मन्दिर विकास तथा निर्माण समिति (२०६७१९।२०) ।

२. पुस्तकहरू तथा लेखरचनाहरू

(क) नेपाली खण्ड


अधिकारी, सूर्यमणि (२०५५), *तनहूँ राज्यको इतिहास,* चितवन : चन्द्रप्रभा प्रकाशन ।

कार्की, ज्ञानबहादुर (२०६७), “आन्तरिक पर्यटन र ढोरबाराही”, सराङकोट साप्ताहिक (२०६७ फागुन २४-३०), यदुनाथ बञ्जारा (सं.), पोखरा-८, नयाँबजार ।

खत्री, प्रेमकुमार (२०५५), *उत्पत्ति, मानव सभ्यताका केही पक्षको ऐतिहासिक एवम् मानवशास्त्रीय अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

खनाल, मोहनप्रसाद (२०५२), *नेपाली कला,* पुलचोकः साझा प्रकाशन ।

गुरुङ, गणेशमान र अन्य, अप्रकाशित वृत्तचित्र, पोखरा ।

गुरुङ, जगमान (२०६१), *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रश्रवण क्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

बानिया, शिवशंकर (२०५८), “ढोरबाराहीको व्याख्या र विश्लेषण”, *तिलिचो,* पोखरा : कर्मचारी मिलन केन्द्र, मनाङ ।

भट्टराई, ज्ञानेश्वर (२०६२/०६३), *बृहत् ज्ञानकोश* (सामान्य ज्ञान र सामाजिक अध्ययन), काठमाडौं : आशिष पुस्तक भण्डार ।

मिश्र, डिल्लीराम (२०५७), *नेपाल अधिराज्यमा तनहूँ,* काठमाडौं : शर्मिला मिश्र ।

शर्मा, बालचन्द्र (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी: कृष्णकुमारी देवी ।

शाक्य, खड्गरत्न (२०६३), *ललितविस्तर बोधिचार्य,* ललितपुर: भोजपुर, टक्सार शाक्य समाज ।

श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, *मेचीदेखि महाकाली,* भाग ३, (२०३१), पश्चिमाञ्चल विकास क्षेत्र, काठमाडौं, नेपाल ।

(ख) अङ्ग्रेजी खण्ड **(English Section)**

Central Bureau of Statistics, *Statistical Pocket Book* (2002), Kathmandu: Nepal.

Coogan, Michale (2003), *World Religions*, USA: Oxford University Press.

Harding, Elizabeth (2003), *Kali the Black Goddess of Dakshineswor*, Incij, Nicoles-Hays.

Huyler, Stephen P. (1999), *Meeting God* (Element of Hindu Devotion, London, Yale University Press.

Kirkpatrick, William (1975), *An Account of the Kingdom of Nepaul* (Second Edition), New Delhi: Asian Publication Service.

Oli, K.P. (1996), *Environmental Study of Nepal's Begnas and Rupa Lake*, Kathmandu: IUCN.

३. शोधपत्रहरू

गुरुङ, अमृता (२०५८), *श्री भद्रकाली मन्दिरको सांस्कृतिक, सामाजिक र पर्यावरणसम्बन्धी ऐतिहासिक अध्ययन,* इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

गौतम, कृष्णराज (२०५९), *बागलुङ नगरपालिकाभित्रका प्राचीन एवं प्रसिद्ध मठमन्दिर, पाटीपौवा तथा गुठी व्यवस्थाको संक्षिप्त परिचय,* इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

शर्मा, ऋषिराम (२०६२), *श्री केदारेश्वर महादेव मन्दिर बैदाम कास्कीको ऐतिहासिक तथा वातावरणीय अध्ययन,* इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत शोधपत्र ।

## परिशिष्ट : क

## प्रश्नावलीको नमुना

१. तपाईंको परिचय ?

२. ढोरबाराही देवीको बारेमा बताइदिनुहुन्छ कि ?

३. यस मन्दिरको ऐतिहासिकताका बारेमा केही बताइदिनुहुन्छ कि ?

४. यो मन्दिर बनाउनुको कारण बताइदिनुहोस् न ।

५. तपाईको यस मन्दिरमा संलग्नता छ कि छैन ?

६. यदि छ भने के-के कुराहरूमा संलग्न हुनुहुन्छ ?

७. ढोरबाराही देवीका पूजाका विधिहरू के-के हुन् ?

८. पूजाका लागि के के सामग्रीहरू आवश्यक पर्दछ ?

९. यहाँ कुन-कुन पर्वहरू र संस्कारहरू सम्पन्न गरिन्छन् र कहिले ?

१०. यो मन्दिरको जीर्णोद्धार कहिले र कसले गरेको हो ?

११. पाटीको जीर्णोद्धार कहिले र कसरी भयो ?

१२. यहाँका मूर्तिहरू चोरी भएका छन् या छैनन् ?

१३. मूर्तिहरूको हेरचाह कसरी गर्ने व्यवस्था गरिएको छ ?

१४. ढोरबाराही मन्दिर व्यवस्थापन समिति छ छैन ? यसको अध्यक्ष को हुनुहुन्छ ?

१५. यहाँको व्यवस्थापन समितिमा कतिजना सदस्यहरू कार्यरत हुनुहुन्छ ?

१६. ढोरबाराहीको गुठी व्यवस्थापन छ कि छैन ?

१७. गुठीबाट उठ्ने रकमले मन्दिरको खर्चलगायत सांस्कृतिक कार्यक्रमहरू गर्न पुग्छ ?

१८. पुरातत्त्व विभागले यस मन्दिरको जीर्णोद्धारलाई कत्तिको सहयोग पुऱ्याएको छ ?

१९. तपाईंलाई पुरातत्त्व विभाग र अरू संस्थाले के गरिदियोस् जस्तो लाग्छ ?

२०. ढोरबाराही क्षेत्रमा भविष्यका लागि के गर्दा राम्रो हुन्छ जस्तो लाग्छ ?

२१. यहाँ कुन कुन सममया पूजा चल्दैन ?

२२. देवीप्रतिको जनविश्वास कस्तो पाउनुभएको छ ?

२३. 'लहरी छुट्ने' भनेको के हो ? यसको बारेमा बताइदिनुहोस् न ।

## परिशिष्ट : ख

## अध्ययनसँग सम्बन्धित फोटाहरू




ढोरबाराही मन्दिर प्रवेशद्वार ।



ढोरबाराही देवीको मन्दिर र मन्दिर भित्रको देवीको मूर्ति साथमा पुजारी चिरञ्जीवी लम्साल



संवत ९६७ अंकित ढोरबाराही मन्दिरमा प्राप्त सबैभन्दा पुरानो घण्ट अभिलेख ।



ढोरबाराहीको कुण्डमा रहेको शिलामाथि पाठीको बलि दिइँदै ।



कुण्डमा रहेको माछ्राले बलि दिइएको पाठाको रगत पिउँदै ।




बलि दिइसकेका बोका तथा पाठापाठीहरू सफा गर्न लाइनमा राखिँदै ।



बाराही कुण्डमा लहरी छुट्ने मुहान र यसमा पालिएका माछाहरू ।




ढोरबाराही देवीको मन्दिरका हालका ठेकेदार र उनीबाट निर्मित प्रवेशद्वार ।



भूमिसुधार तथा व्यवस्थापन विभाग

**मालपोत कार्यालय**

तनहुँ, दमौली

विषय: नियुक्ति पत्र

श्री चिरञ्जीवी लम्साल
तनहुँ, ढोरफिर्दी-६

[illegible]

बोधार्थ:

[illegible]

वर्तमान पुजारी चिरञ्जीवी लम्सालले मालपोत कार्यालय तनहूँबाट प्राप्त गरेको नियुक्तिपत्र ।



मन्दिरको प्रवेशद्वारदेखि मन्दिरसम्म बाटोको दुवैतर्फ झुण्ड्याइएका घण्टहरू ।



ढोरफिर्दी गा.वि.स. का पूर्व उपप्रधानपञ्च रामनाथ भट्टराईसँग अन्तर्वार्ता लिँदै शोधार्थी ।